# Annex 23.

# Case Study Papers presented by Nepali Volunteers

# ( in Nepali)

JICA LIBRARY
J 1135319 [0]

1135319 [0]

# Annex 23.

# Case Study Papers presented by Nepali Volunteers

# ( in Nepali)

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 9

Language : Nepali

# Case Study
# on
# Gully Control in Kristi

Prepared by: Ms. Durga Kharel

Site Office: Kristi

District: Kaski

## कृष्ति गा.बि.स. अन्तर्गत सौरबोटे गल्छी नियन्त्रण सह योजनाको एक अध्ययन

कृष्ति नाच्ने चौर गा. बि. स. कास्की जिल्लाको दक्षिण भागमा पर्दछ। यसको पुर्वमा निर्मल पोखरी गा. बि. स. पशिचममा स्याङ०जा जिल्ला, उत्तरमा पुम्दी भुम्दी गा. बि. स. र पोखरा नगर पालिका र दक्षिणमा स्याङ०जा जिल्ला पर्दछ। यस गा. बि. स. मा जम्मा घरधुरि संख्या ( गा. बि. स. ले दिए अनुसार ) १०१६ र जनसंख्या ६५७५ छ। पोखरा बजार नजिकको गा. बि. स. भएता पनि यहा शिक्षित जनसंख्या एकदम कम छ।

मुख्य समस्यामा गोरेटो बाटो मर्मत, खोला नियन्त्रण चर्पी खानेपानी इत्यादी छन्।

M/P team ले June 2.1995 मा कृष्ति साइट अफिसमा कार्य संचालन गरेको छ। JICA Office नै कृष्ति गा. बि. स. मा सहयोग गर्ने पहिलो दातृ संस्था हो।

M/P team ले आफ्नो कार्य क्षेत्रमा सामु दायिक स्तरका कार्यकम लगायत अन्तर सामुदायिक स्तरिय कार्यकम सौरबोटे गल्छी नियन्त्रण कार्यक्रममा सहयोग गर्दै आइरहेको छ।

मेले यस गोष्ठिको लागी अन्तर सामुदायक स्तरको कार्यकम सोरबोट गल्छी नियन्त्रण कार्यकम लाई प्रस्तुत गर्न गई रहेको छु।

यो योजना कृष्ति गा. बि. स. को वडा नं. १ र ७ का समुह बिच संचालन भएको योजना हो।

(1) Profile of the ward :

वडा नं. ७ र १ को वडा सम्बन्धि बिबरण यस प्रकार छ।

| वडा न | जनजाति | घरधुरी सख्या | जनसख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| ७ | क्षेत्री, ब्राम्हण, कुवर, कामी, दमाई, घर्ती | १५० | ४०० | ६०० | १००० |
| १ | क्षेत्री, ब्राम्हण, कामी, | ८३ | २७१ | २७० | ५४१ |

**वडा नं: ७**

यस वडामा शिक्षित जनसंख्या एकदम कम छन्।

| स्तर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| एस एल सि. स्तर | २ | ९ | ११ |
| क्याम्पस जाने | ३ | ४ | ७ |
| लेख्न र पढ्न जान्ने | १०३ | २१७ | ३२० |
| लेख्न पढ्न नजान्ने | ३६२ | ३०० | ६६२ |

आर्थिक अवस्था:

यस वडाको मुख्य पेशा कृषि नै हो। यहा कोदो, धान, मकैको उत्पादन गरिन्छ। कृषिबाट बर्षै भरि सबै परिवार लाई खान पुग्दैन। कृषिको साथसाथै २ घरले व्यापार , २५ जना नेपाल, इण्डियन आर्मी र अरु सरकारी अफिसमा, १० घरले काठको काम र २ घरले सिलाउने काम गर्छन्। भने १० घरले फलामको काम गर्छन्। यस वडामा मादक पदार्थको सेवन बढी देखिन्छ र आम्दानीको केहि रकम मादक पदार्थमा ब्यय गर्दछन्।

महिलाहरु खेतीपाती, गर्ने घरमा बच्चाको स्याहार सुसार , गाई बाखालाई घाँस काट्ने दाउरा जम्मा गर्ने काम गर्छन भने पुरुषहरु धेरै जसो घर बाहिरको काम गर्दछन। खेतीपातीको काम गर्ने चिया पसलमा गफगरेर समय बिताउछन्।

वडा नं. १

साक्षरता दर:

यस वडामा पनि शिक्षित जनसंख्या एकदम कम छ।

| स्तर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| एस एल सि स्तर | X | १३ | १३ |
| क्याम्पस जाने | X | ५ | ५ |
| लेख्न र पढ्न जान्ने | १५३ | १७० | ३२३ |
| लेख्न पढ्न नजान्ने | १०० | १०० | २०० |

आर्थिक अवस्था:

यस वडाको २८ घरधुरी जागिर खाने ३ जना काठको काम गर्ने र १ जना ले सुन बनाउने गरेतापनि सबै घरधुरी ले कृषिमा नै निर्भर गर्दछन्। भने केही मानिस अरुको काम गरेर जिबिकोपार्जन गर्दछन्। यस वडामा उत्पादन हुने मुख्य बाली मकै , कोदो धान नै हो।

महिलाहरु खेतीपाती, दाउरा घाँस जम्मा गर्ने घरपरिवारको खाना बनाउने, छोरा छोरी स्याहार गर्ने पानी ल्याउने काम गर्दछन्। भने पुरुषहरु खेतीपातीको काम गर्दछन् ।खेतीपातकीको काममा बिशेष गरेर हलोजोतने, आली खन्ने काम गर्दछन् भने महिलाहरु धान, कोदो रोपने गोडमेल गर्ने भारी ( पराल, धान ) बोक्ने गर्दछन्।

II वडाका मुख्य कार्यक्रमहरु:

वडा नं. ७ पहिलो बर्षमा छानिएको वडा हो भने वडा नं. १ दोस्रो बर्षको कार्यक्रममा राखिएको वडा हो। वडा नं. ७ मा तपसिल बमोजिमका कार्यक्रम संचालन भएमा छन्।

(१) ठूलो खोला खा.पा. योजना छापस्वारा
(२) गोरेटो मर्मत तथा गल्छी नियन्त्रण मालागीरी
(३) आधुनिक चुल्होको तालिम ठूलाचौर mother group
(४) StudyTtoru about Forest/ watershed Sub-Project wise गरेर र वडा सदस्य सहित ८ जना sub-projcet हरुको Datail रुपमा Annex - 3 Face sheet मा दिइएको छ ।

**III) Gender Sensitivity :- Efforts and Insights**

सहयोगको क्रममा यस जाइका सामुदायिक विकास बन तथा जलाधार संरक्षण आयोजना, जे. ओ सि. भि. हरियाली प्रवर्धन सहयोग आयोजनाले दिएको सहयोग अनुसार महिला बर्गहरुलाई तर्जुमा, कार्यान्वयन पक्षमा सहभागी बनाउन र सबै जना बसी छलफल गरी प्राथमिकताको आधारमा योजना माग गर्ने प्रकृया अनुरुप M/P team ले पनि meeting आयोजना गरेको थियो । योजना अनुरुप आयमूलक कार्यक्रम महिला बर्ग र पिछडिएको जातीको लागी र अरु सामुदायिक बिकासमा योजना तर्जूमा पनि महिलाहरुलाई अग्रसर गराउनको लागी M/P team ले निम्न Efforts गर्नु परेको थियो ।

(1) Information dessemination को समयमा महिलाहरुले पनि आपनो समुह बनाएर आयमुलक कार्यक्रम गर्न सकने, योजना तर्जुमा देखि लिएर management committee मा महिला ५०% सहभागी बनाई योजनाको माग उपभोक्ताहरुले नै गर्नु पर्ने सम्बन्धि जानकारीहरुको साथै चित्रहरु देखाएको ।

(२) योजना शुरु गर्नु भन्दा अगाडि महिला (आमा समुहको सक्रिय महिला) हरुलाई भेटी कुरा गरि अरु महिलाहरुलाई पनि सहभागी बनाउन लगाएको ।

(३) त्यस वडाका Active पुरुष तथा वडा सदस्यलाई महिलाहरु लाई पनि कार्यक्रममा आउन सल्लाह गरेर ।
(४) M/P team ले तडक भडकको पोषाक नलगाई साधारण तरिकाबाट हिडेर ।
(५) महिला र पुरुषलाई फरक किसिमको व्यवहार नगरि समान किसिमको ब्यवहार गरेर ।
(६) उपस्थित महिलाहरुलाई अग्रपक्तीमा बस्न लगाएको ।
(७) नेपाल पुरुष प्रधान देश हो । जबसम्म पुरुषले महिला बिकास सम्बन्धि कुरा बुझ्दैन तब सम्म महिलाहरु उसको order बेगर meeting मा जान योजना तर्जुमा गर्दा बोल्न सक्दैनन् । त्यसैले महिला बिकास सम्बन्धि बिषयमा छलफल गरि निर्णय प्रकृयामा उनीहरुको आवश्यता महसुस गराउन छलफल गरिएको ।

पुरुष तथा महिलाहरुलाई योजना तर्जुमा कार्यान्वयन पक्षमा समंत जन सहभागीता बनाउनको लागी यस किसिमको कार्य गर्न आवश्यक थियो । यस वडाको

महिलाहरुलाई पुरुषहरुले र आपनो घरायसी काम अज्ञानताले जस्ता बिभिन्न कारणहरुले गर्दा योजना प्रति चासो नदेखाउने भएको हुँदा उनीहरुलाई जानकारी दिन उनीहरुको आवश्यकता बुझ्न र उनीहरुलाई योजना तथा कार्यान्वयन र दिगो बिकासका लागी सक्रिय बनाउनको लागी आवश्यक भएको महसुस गरिएको थियो ।

## IV. Major Problems and Obstacles Encountered

यसरी महिलाहरुलाई sustainable बिकासको लागी योजना तर्जुमा कार्यान्वयन पक्षमा सरिक गराउनको लागी गरिएको प्रयासमा बिभिन्न किसिमका समस्याहरु देखा परेका थिए । यसरी समुदायिक स्तरिय तथा अन्तर सामुदायिक स्तरिय कार्यक्रमको लागी ठूला चौरमा राखिएको मिटिङ०गमा सो ठाउँमा महिलाहरुको उपस्थिती एकदम कम थियो । उपस्थित भएका महिलाहरु पनि सबै भन्दा पछाडी गएर बस्ने M/P team बाट कुनै कुरा सोध्यो भने हामी त पढेका छैनौ त्यसैले केही पनि जान्दैनौ भन्ने, बोल्नको लागी लाज मान्ने पछाडी बसी आफू आफू कुरा गर्ने र समयमा मिठीङ०गमा नआउने महिला पुरुष नजिक नबसि छरिएर बस्ने महिलाहरुले भनेका कुरा पुरुषले नसुन्ने र जे निर्णय दिनपरे पनि हामीले दिए भईहाल्छ हामीले भनेको कुरा मान्छन् भन्ने र महिलाहरु मिटिङ०गमा बसेपनि धेरै घर परिवारका चिन्ता लिने जस्ता समस्याहरु देखा परेका थिए भने वडा नं. १ बाट उपभोक्ताहरुको उपस्थिती एकदम कम थियो ।

<u>यसरी मिटिङ०गमा यस्तो अवस्था आउनाको कारणहरु</u>

(१) छरिएर बस्ने र उपस्थिती कम हुनुको कारण भन्नाले यस ठाउमा महिला पुरुषहरु योजना माथि छलफल गर्ने योजना बनाउने काममा महिलाहरुलाई सरिक नबनाई आफु मात्र निर्णय गर्दा महिलाहरुलाई MTG मा जाने बानी नभएर ।

(२) महिलाहरुले खेतीपाती घर ब्यवहार जस्तै खाना बनाउने छोराछोरी स्याहार सुसार, दाउरा घाँस पानी ल्याउने जस्ता काम महिलाहरुले गर्नुपर्ने भई फुर्सद नभएर ।

(३) सामाजिक कारण ( रीतिरीवाज संस्कृति ) महिलाहरुले आफ्नो घरको श्रीमान, जेठाजु, ससुराको अगाडी ठूलो आवाजमा सबैको अगाडी बोल्न नहुने यदि बोलेमा उत्ताउली भइने डरले गर्दा आपनो कुरा ब्यक्त नगर्ने । उपस्थित भएका महिलापनि पुरुष भन्दा पछाडी बस्ने ।

(४) चेतनाको कमी : बिकासको लागी योजना बनाउन महिला पुरुषको कतिको महत्वपूर्ण भुमीका छ भनी दुबै बर्गमा चेतनाको कमी भएर ।

(५) पुरुषको दवाब : महिलाहरुले कुनै कुरा बोले भने तिनीहरुले के जानेका छन् र सबै हामीले गरि हाल्छौ भनी उनीहरुले बोलेको कुरा नसुन्ने र यही प्रबृतीले गर्दा उनीहरुको निर्णयलाई नै सर्वोपरि मान्ने प्रबृती महिलामा भएको ।

(६) महिलाहरु घरपरिवारको काम सिध्याएर आउने र पुरुषहरु अरुको घरमा काम गर्न जाने तथा समयको वास्ता नगर्ने हुँदा ठिक समयमा उपस्थित नहुने ।

(७) वडा नम्बर १ बाट संगै काम गर्छौ भन्ने तर MTG मा थोरै ( ५.६ घ.धु.) मात्र उपस्थित हुने वडा नं. ७ मा पर्ने भागमा धेरै जनसहभागीता जुटाउनु पर्ने कारणले गर्दा यस्ता किसिमका समस्याहरु आएको हुँदा त्यस ठाँउमा समय समय मा व्यक्तिगत भेटघाट आमा समुह बिच छुटै मिटिङ०ग राख्दा कार्यक्रम समबन्धमा छलफल गर्ने कममा घर व्यवहार, खेतीपाती इत्यादीको काम तपाईहरु धेरै गर्नुहुन्छ । त्यस बाहेक पनि बिकासको काममा अग्रसर भएर काम गरेमा पछि फाईदा पाउने हिस्सेदार तपाईहरु नै हुनुहुन्छ । मान्छेले पढेर भन्दा परेर धेरै अनुभव हुन्छ यदि आवश्यक भएमा प्रबिधिक सल्लाहपनि तपाइहरुलाई दिन सकिन्छ भन्ने किसिमको उत्साहित कुरा गरि उनीहरुलाइ बोल्ने अवसर दिएको साथै योजना तपाई आफूले माग गर्नु पर्ने समबन्धमा HMG/JICA को Guideline सम्बन्धी बिषयमा छलफल गरियो । वडा नं. १ र ७ बिचमा पनि MTG राखी कार्य गर्ने छलफल गरियो ।, यसरी व्यक्तिगत भेटघाटमा आमा समुहको महिला को मिटिङ०ग वडा सदस्य तथा अरु व्यक्तिहरु सँग पनि छलफल भएपछि फेरी अर्को चोटी MTG राखिएको थियो । यो MTG सौरबोटे गल्छी नियन्त्रण कार्यको लागी थियो । तर यस MTG मा वार्ड नं. १ बाट ५,६ जना भन्दा उपस्थित थिएनन् । छलफलको कममा योजना माग भएर सो कार्यको लागी जनसहभागीता हामी जुटाउन सक्तैनौं । बिहान बेलुका हातमुख जोर्न धौधौ हुने हामी जनताहरु यति ठूलो काम गर्न सक्दैनौ भनी केही समय हल्ला भयो । यो योजना माग गर्नु भएको तपाईहरुले हो समस्या तपाईहरुको हो फायदा लिएर जाने हामी होइन भनी M/P team को पक्षबाट Effort भयो । जि. भू. स. कार्यालयको study tour मा गएको उपभोक्ता समितिको सचिव र सकिय महिलाहरुले यो योजना फिर्ता नगर्ने यसलाई सफल पार्यौ भने अरु सहयोग पनि पाउन सकिन्छ भनी काम गर्ने सम्झौता गर्नु भयो । यस समुहमा ७७ घुरधुरि छ । जस मध्ये FHH २८ % छ । जनसंख्या ४६२ छ जस्मा महिला जनसंख्या २३३ र पुरुष २२९ छ । समिति ११ जनाको जस्मा महिला १ र पुरुष ७ जना छन् ।

मिटिङ०मा योजना तर्फबाट दिइने सहयोग को सम्बन्धमा छलफल भएपछि सो ठाउमा १९ वटा छेकबांध , १०५ मिटर ढुंगाको पर्खाल र नेपियर र बाबियोको बृक्षारोपणको कार्य सम्पन्न भएको छ । Gabion wire Transportaion, Nepiar & Broom grass plantation कार्य महिला , पुरुषले संयुक्त गरेका थियो भने १९ वटा Gabion Box र fence को लागी ढुङ०गा ढुवानी गर्ने कार्य महिलाबाट भएको थियो । हालमा वडा नं. १ का समुहबाट Brush wood checkdam बनाउने र दुबै समुहमा बृक्षारोपनको कार्य शुरु हुदैन । पुरै कामको ६५ % जनसहभागीता महिलाबाट भएको कुरा समितिबाट थाहा भएको छ ।

यसरी M/P team बाट गरिएको पयत्नबाट यस Project का महिला पुरुषहरु सकिय रुपमा अरु योजना माग गर्ने कार्यान्वियन पक्षमा पनि सकिय रुपले सहभागी हुने र

समुहलाई हित हुने किसिमको निर्णय गर्ने प्रकृयामा Project cost बाट skill labour को रकम पनि People participation लाई पनि कामको आधारमा बाडफाड गरेको हुदा महिला सहभागीता पनि राम्रो देखिएको थियो ।

यसरी योजना तर्जुमा तथा कार्यान्वयन पक्षमा जन सहभागीता राम्रो बनाउने अर्को कारण sutdy tour पनि हो । Nepair plantation भइसकेपछि भएपनि site office बाट extension tour संचालन गरिएको थियो । त्यस समयमा यस समुहबाट पुरुष बराबर संख्यामा सहभागी बनाएका थियौ । यसरी study tour सफल भएको ठाउँमा गराउदा उनीहरुले पनि त्यस खाली जग्गामा बृक्षारोपण र संरक्षण गरी आम्दानी लिएर समुहको हितमा लाग्न उत्साहित भएका छन् ।

यो कृष्ति को पहिलो र बढी लागतको योजना भएर पनि सम्पन्न हुन लागेको ले अरु वडालाई पनि जनसहभागीता जुटाउने प्रकृया मा उदाहरणको रुपमा देखाउन लायक छ ।

**Recommendations for strengthening gender sensitivity for the empowerment of people & sustainable develo[ment**

अहिले सम्म नेपालमा आएका सहयोग मध्ये धेरै जसो योजनाहरु direct संस्थाले नै गर्ने र महिला तथा पुरुषलाई सो कार्यमा योजना तर्जुमा तथा कार्यन्वयन पक्षमा समेत समाबेश नगर्दा धेरै जसो योजनाहरु असफल भएका देखिन्छन् । कुनैपनि योजनामा जनताले आफ्नो पसिनाको महत्व नबुझेसम्म सो योजना सफल वा निरन्तर रुपमा चलिरहन सक्दैन । त्यसैले कुनै पनि योजना sustainable गराउन को लागी योजना तर्जुमा देखि लिएर कार्यान्वयन पक्षमा समेत जनसहभागीता जुटाउन र त्यसको संरक्षण गर्ने प्रकृयामा समेत महिलाहरुलाई उत्साहित गरि जिम्मेवारी लिन सक्ने बनाउनु पर्दछ । त्यसै अनुरुप दोस्रो वर्षको लागी बिभिन्न किसिमको प्रकृया, कार्यहरुमा बिचार गर्नु पर्ने देखिन्छ ।

Gender Sensitivity for Empowermaent of People and Sustainable Development गर्नको लागी सर्व प्रथम फिल्डमा कार्यरत कर्मचारीहरुलाई Gender Sensitivity सम्बन्धि बिषयमा बिभिन्न किसिमका तालिम गोष्ठिहरु संचालन गरि दक्ष बनाउनु पर्दछ जसले गर्दा कार्यरत कर्मचारीले आफ्नो वडामा राम्रो संग कार्य सञ्चालन गर्न सक्ने छन् ।

योजनाहरु बनाउने, जनसहभागिता जुटाउने र कार्यक्रम तालिका बनाउदा महिलाहरुलाई समाबेश गरि सो समय मिलाउन उनीहरुलाई जिम्मा दिनुपर्छ । किन भने महिलाहरुको घरायसी कार्यको साथै बन जंगलमा गई दाउरा घाँस जम्मा गर्ने कार्य महिलाले गर्नु पर्ने भएको हुँदा कार्यमा उनीहरुलाइ फुर्सद हुने समयमा मिलाएदा सजिलो हुन्छ ।

महिला बिकास कार्यमा पुरुष भन्दा महिला कर्मचारीलाई नियुक्ती गर्ने :

हामो गाउँमा अशिक्षित वर्ग धेरै भएको हुँदा पुरुष संग कुराकानी भेटघाट गर्न महिलाहरु संकुचित हुन्छन् किन भने उनीहरु प्रति गाउँ समाज र आफ्नै परिवारको पनि हेराई नराम्रो हुन सक्छ। जस्ले गर्दा मनमा लागेको कुराहरु भन्न हिचकीचाउछन्। यदि महिला कर्मचारी भएको खण्डमा आफ्नो मनमा लागेको कुरा भन्न र उनीहरुको कार्यक्रममा सरिक हुन पनि सजिलो भई आफ्नो योजना सम्बन्धि छलफल गर्न सजिलो हुन्छ।

अशिक्षित महिला तथा पुरुषलाई कुनै पनि सफल ठाउको उदाहरण दिदा बिश्वास गर्न अप्ठ्यारो पनि हुन सक्छ वा कसरी एकिकृत भएर कार्य गर्न सफल भए भन्ने किसिमको मनोभावना पनि जाग्न सक्छ। त्यसैले त्यस्ता बिभिन्न सफल ठाउहरुमा भ्रमण गराउने साथै समय समयमा आवश्यक किसिमको तालिमको ब्यवस्था गरेमा उनीहरुले केही ज्ञान र सिप हासिल गर्न सक्दछन्। ( Interaction with each other women group)

हाम्रो समाज पुरुष प्रधान समाज भएको हुँदा जब सम्म पुरुषले महिला बिकास , योजना तर्जुमा कार्यन्वयन प्रकृया मा उनीहरुले  कस्तो भुमीका खेल्न सक्छन् भन्ने कुरा बुझ्दैन तबसम्म महिलाहरु अगाडी  बढ्न कोशीश गरे पनि Gender sensitivity सम्बन्धी तालिमहरुको आयोजना गरिनु आवश्यक देखिन्छ।

तल्लो वर्गका महिलाहरु  संग सम्बन्धित नेतृत्व बिकास गर्ने खालका film वा vedio show देखाउने ब्यवस्था मिलाउने।

आगामी वर्षको कार्यक्रममा निम्न अनुसारको बिकास गरेमा कतिको महिला पुरुषहरु सहभागी भयो भनी थाहापाउन Gender sensitive moniforing indicator सकिन्छ।

Record Keeping :

(a) Office :- Office को तर्फबाट योजना तथा कार्यान्वयन प्रकृयामा meeting राख्दा कति महिलाहरु तल्लो जाती उपस्थित भई भाग लिदैछन् र उनीहरुको निर्णय के भएको छ र कतिको कार्यान्वयन पनि भएको छ थाहा पाउन प्रत्येक पटकको MTG को minute राख्ने।

Office को तर्फबाट staff सो field मा जादा कति महिला तल्लो जातीहरु कार्यान्वयन पक्षमा कसरी काम गरि रहेको छन् सो छलफल गर्न सजिलो हुन्छ।

मैले दोस्रो वर्ष अगामी वर्षको सहयोजनाको योजना तर्जुमा र कार्यान्वयन पक्षमा बिभिन्न किसिमिका कार्यक्रमहरु संचालन गर्नको लागी आवश्यक देखेको छु।

महिलाहरुमा चेतानाको कमी भएको हुँदा त्यस्ता समुहहरु लाई प्रौढ शिक्षाको कार्यक्रमा गर्ने प्रौढ शिक्षाको कार्यक्रम संचालन गर्नुपर्ने मुख्य कारण भन्नाले हामीले पढेका छैनौ, नपढे पछि बोल्न पनि जान्दैनौ अनि समिति मा महिला चुन्ने प्रकृयामा सही गर्न सक्दैनौ, चिठी आयो भने पढन जानदैनौ, लेख्न जान्दैनौ भने पछि सर्ने भएको हुँदा यस किसिमको कार्यक्रम अगाडी

ल्याउन सके राम्रो हुनेछ। साथै यस कार्यक्रममा हाम्रो आयोजनाको उद्देश्य अनुरुपका केही श्रप सामाग्रीहरु पनि समावेश गरिनु आवश्यक छ।

**<u>Dept. of Extension Materi. ls :</u>**

समाजमा अशिक्षित महिला पुरुषहरु धेरै भएको हुँदा तिनीहरुलाई कुराहरु भन्ने भन्दा महिलाहरुसंग सम्बन्धित बिभिन्न किसिमका पोष्टरहरु बिकास गरेर किनभने सबै कुराहरु उनीहरुले संभीन अथाव बुझ्न सक्दैनन्। तर चित्रहरु हेरेमा उनीहरु ले बुझ्न सकिन्छन् त्यसैले पोष्टरहरुको बिकास गर्न आवश्यक छ।

योजनाको Nature हेरी समुह मध्येबाट active महिला र पुरुषलाई आवश्यक किसिमको तलिमको व्यवस्था गर्ने। जसले पछि सो योजना बिग्रिएमा मर्मत संभारको कार्य गर्न सकोस।

महिला तथा तल्लो जातका वर्गको लागी समुहमा कोष खडा गर्न उत्साहित गर्ने जस्ले गर्दा पछि समुहको माध्यमबाट कुनै किसिमको कार्य गर्न सकोस्। Record पनि राख्ने।

**<u>User Group Record :</u>** कार्यान्वयन गर्ने शिलशिलामा उपभोक्ताहरु स्वयमले कति पटक मिटिङ राखे, त्यस मिटिङ मा कति महिला पुरुष उपस्थित थिए र उनीहरुले के निर्णय गरे र कार्य बिबरण र उनीहरुको उपस्थिती पनि Record गर्न समुहलाई जिम्मा दिने। जस्ले गर्दा महिलाहरुको बारेमा जानकारी लिन सकिन्छ।

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 11

Language : Nepali

# Case Study on Foot Trail Improvement in Mauja


Prepared by: Mr. Dharma Raj Gupta

Site Office: Mauja

District: Kaski

## मौजा गा.बि.स., वडा नं ९, इम्द्पाखा अन्तर्गत गोरेटो बाटो निर्माण सहयोजनाको एक अध्ययन

मौजा गा. बि. स. सदरमुकाम, पोखरा बाट उत्तर दिशामा स्थित छ। पूर्वमा आर्बा र कालिका गा. बि. स., पश्चिममा अर्मला, उत्तरमा सिल्दुजुरे र दक्षिणमा भलाम गा. बि. स. को माझमा रहेको यो मौजा गा. बि. स. रमनीय र शान्ति प्रिय गा. बि. स. हो।

महिला र पुरुष गरि ३२७४ जति जनसंख्या रहेको यस गा. बि. स. मा गुरुङ जातिको बाहुल्यता रहे पनि अन्य जातिमा बाहुन, कामी, दमै, घर्ती र सार्की छन्। यस गा. बि. स. मा ६ वटा प्राथमिक बिद्यालय र एउटा माध्यमिक बिद्यालय छ। यस गा. बि. स. को क्षेत्रफल ११८५३. २५० बर्ग कि. मि.छ भने धेरै जसो भाग खोला र बन क्षेत्रले ओगटेको छ। सदरमुकाम पोखराबाट नजीक भए पनि पिछाडिएको छ। यातायातमा गोरेटो र घोडेटो बाटाहरु मात्र छन् भने हाल सम्म बिधुतीकरण हुन सकेको छैन ।

गा. बि. स. कार्यालयबाट दक्षिणमा पर्ने वडा न. ९ इम्दुपाखा का सामुदायिक स्तरको सह योजना अन्तर्गत Infrastruction Development को गोरेटो बाटो को बाटोमा प्रस्तुत गर्न गईराखेको छु।

यस वडाको जम्मा जनसंख्या १३८ छ। जसमा पुरुषको संख्या ६८ र महिलाको संख्या ६० छ। जम्मा घरधुरी संख्या २१ छ। यस वडामा गुरुङ, बाहुन र कामीको बस्ती छ भने गुरुङको नै बाहुल्यता छ। जस मध्ये गुरुङ १६ घरधुरी, कामी ३ घरधुरी र बाहुन २ घरधुरी छन्। जम्मा जनसंख्या मध्ये पुरुष ४ जना र महिला २० जना अशिक्षित छन् भने हाल स्कूल जाने छात्रा ( गुरुङ) ५ जना, छात्र ( गुरुङ) ६ जना र ( बि. क. ) १ जना छन्। बाकी रहेको सबै साक्षर छन्।आय आर्जनको श्रोतमा १२ जना युवाहरु ब्रिटिस फौज भारतमा लाहुरे, सबै अन्य राष्ट्रहरुमा पनि सिबिल नोकरीमा कार्यरत छन्। बाकी कृषि पेशा तथा पेन्सनबाट जिबिकोपार्जन गर्दैछन्। खेतीपातीमा खासगरी मकै, आलु लगाउँछन्। यसबाट ६ महिनालाई मात्र खान पुग्छ। बाकी ६ महिनाको लागी पेन्सन तथा लाहुरेले पठाएको पैसाबाट खाद्यान्न खरिद गरि खान्छन्। फुर्सदको समय केही महिलाहरुले रक्सी बनाई बेच बिखन गर्छन। केही महिलाले ब्यक्तिगत प्रयोगको लागी राडी को पाखी भाडराहरु पनि बुन्ने गर्दछन् र बि. क. पुरुष २ जनाले काठको काम पनि गर्दछन्। प्रमुख समस्याको रुपमा गैस्वारा पहिरो छ। जसले गर्दा धेरै ब्यक्तिहरुको खेतीबारीलाई नोक्सान पुर्याएकोले जीवन अस्त ब्यष्त तुल्याएको छ। जसले गर्दा अगाडी बढेर बिकास गर्न वडा बासीलाई अप्ठयारो परेको छ।

**Main Activities :**

उपभोक्ता समुहहरुबाट माग भई आए बमोजिमको कार्यक्रम संचालन भै राखेको छ। जसमा हाल ४ वटा सहयोजनाहरु संचालन हुदै आएको छ। जो यस प्रकार छ।

dissemination गरेको छौं । पिछडिएका जातीहरु, माथिल्ला जाती भएको ठाउंमा समयमा समस्या नभन्ने वा गरेको पनि देखिन्छ । आफू भन्दा उच्च स्तरका ब्यक्ति समुदायहरु रिसाउछन् भनेर आफ्नो ठांउ या समुदायको बारेमा नभन्ने गरेको, यस्ता जात, समुदायहरु संग छुट्टै भेटी छलफल गर्ने गरेको छौं । गाउमा प्राय : जसो ब्यक्तिहरु  कृषि पेशामा नै आधारित छन् । साथै काम नगरि जीबिकोपार्जन नहुने समेत बिचार गरि काम नगर्ने दिन ( बार्ने दिन) हरुमा कार्यक्रम संचालन गर्ने गरेका छौं । यस्तो  बार्ने दिन प्राय गुरुङ० समाजमा बिद्यमान छन् । महिनाको औसी, पूर्णिमा तथा मंगलबार बार्ने दिनहरु समेत बिचार गरि कार्यक्रम संचालन गर्ने गरेका छौं । निम्न आय भएका महिला, पुरुष तथा तल्लो जातका ब्यक्तिहरुको बारेका समेत बिचार गरि अयमूलक कार्यक्रम संचालन भई राखेका ठाउंहरुमा अध्ययन भ्रमण गराउने, जसले गर्दा केहि कुरा देखेर आफ्नो आर्थिक स्थिति सुधार्नको लागी आयमुलक कार्यक्रममा बढी रुचि साथ संलग्न होस । उपभोक्ताहरु को माग बमोजिमको कार्यक्रमहरु संचालका लागी प्राथमिकता निर्धारणको क्रममा महिला तथा सामाजिक तथा आर्थिक रुपले पिछडिएकाहरुबाट पनि निर्णय गराएर मात्र कार्यक्रम अगाडी बढाउने गरेको छौं । कुनै पनि  सह योजनाहरुको दिगोपनको लागी मर्मत  संभारको   आवश्यकता   हुन्छ । त्यसकारण कोष को ब्यवस्था भएमा टुट फुट भएका सामानहरु साथै दक्ष ज्यामीलाई दिइने ज्याला समेत यसै कोषबाट दिलाइ बेलेमा मर्मत संभार गराउनमा कोष सहायक हुनेछ ।

## Major Problems and Obstacles Encountered

सबै जातीहरुलाई फाईदा पुर्याउने वडाकै मुख्य बाटो हो । यो बाहेक वडामा खाश गरी समस्या त्यति देखा परेन । सानो तिनो समस्यामा मुख्य बाटो बनाउनुको साथ साथै टोलको बाटो पनि बनाउनु पर्ने छ । कामीहरुको मागलाई ध्यानमा राखेर सो वडाका  उपभोक्ता हरुसंग छलफल गर्दा पहिला मुख्य बाटो बनाउनु पर्यो । त्यसपछि कामी टोलको बाटोलाई प्राथमिकता दिई, बनाउने मंजुरी भए अनुसार सर्वेक्षण भएको थियो । यस सम्बन्धमा गोरेटो बाटो निर्माण समितिको अध्यक्ष संग प्रश्न राख्दा मुलबाटोको काम सकि सकेकोले कामी टोलको बाटो पनि यसै बर्ष बनाउने जवाफ आएको छ ।

अर्को समस्याको रुपमा ढुङ०गा :  ढुङ०गा बाटो बनाउने ठाउबाट टाढा भएकोले लिन आतेजाते गरेर १ घण्टा ३० मिनेटको समय लाग्ने भएतापनि बाटोमा लाग्ने सम्पूर्ण ढुङ०गाको ५० % यसै ठाउबाट ल्याइयो भने ५० %  ढुङ०गा गाउका ब्यक्तिहरुको ब्यक्तिगत तथा वडा नं. ४ का ब्यक्ति संग समेत मागी बाटो बनाउने काम सम्पन्न भएको छ । समस्याको रुपमा  देखा परेको कुराहरु तपसिल अनुसार  छन् ।

१. मिटिङ०ग तथा अन्य कार्यक्रम दिइएको समयमा उपस्थित नभई दिने ।
२. महिलाहरुको  उपस्थित कम हुने ।
३. सामाजिक तथा आर्थिक रुपले पिछडिएकोहरु सहभागी नहुने महिला र सामाजिक तथा आर्थिक रुपले पिछडिएको समुहले निर्णय नगर्ने : महिला तथा पिछडिएको जातहरु निर्णय गर्ने बेलामा पनि हिचकिचाउने किन कि समाजमा दबिनु पर्छ भने, "हामीले भनेको अरु ब्यक्तिहरुले स्वीकार गर्छन किन गर्दैन " । साथै महिलाले पुरुषबाट

सहभागिता हुनु पर्छ अनि मात्र कार्यक्रम संचालन गर्न सकिन्छ र महिला तथा पिछडिएको जातीहरुले अगाडी आएर समस्या हामीलाई अवगत नगराए सम्म थाहा हुदैन भन्दा मात्र हाल आएर आपनो समस्या हामीलाई भन्ने गरेको पाइन्छ। यसै गोरेटो बाटो निर्माणको लागी महिला, पुरुष ( जसमा बाहुन, गुरुङ्ग, कामी समेतले अनुरोध गरे बमोजिम कार्यक्रम संचालन भई राखेको छ। ढुङ्गा खन्ने काम तथा साइज अनुसार मिलाउने काम पुरुषले गरेको छ भने साना साना ढुङ्गा महिलाले बोकी ल्याउनु भएको थियो। तर ठूलो ठूलो छपनी ढुङ्गा भने नवयुवक पुरुषहरुले बोक्नु भएको थियो। त्यसै गरि बाटो बनाउने काम ( ढुङ्गा मिलाउने, सतह सम्याउने इत्यादि) पुरुषले गरेको देखिन्छ भने ढुङ्गा ल्याई दिने काम महिलाले गर्नु भएको छ। जसमा ७५% पुरुष र २७% महिलाले काम गरेको गोरेटो सुधार उपभोक्ता समितिको सचिव को हाजिरी डाटाबाट स्पस्ट रुपमा देखिन्छ। महिलाको सहभागिता थारै मात्र छ भनि वडाका महिला तथा पुरुषलाइ प्रश्न गर्दा महिलाले घरको काम, बच्चाको स्याहार सुसार गर्ने, बस्तु भाउहरु हेर्ने र पुरुषले बाटो बनाउने काम गर्ने उत्तर आएको छ।

**<u>Sub-project संचालनका लागी भए गरेको प्रयत्नहरु</u>**

१. महिला तथा पिछडिएको जातहरुको सहभागिता बढाउनका लागी पायक पर्ने ठाउँमा कार्यक्रममा संचालन गरेको।
२. Information dissimination गर्ने बेलामा महिला र पुरुषको छुट्टा छुट्टै ग्रुप बनाई महिला, पुरुष सहभागिता एउटै थलोमा सबै समुदाय बसी कार्यक्रम बनाउने जस्ता किसिमका पोष्टरहरु पनि देखाइयो ।
३. पिछडिएका जातहरु सँग छुट्टै मेटी समस्या बुझने गरेको
४. कार्यक्रम संचालनका लागी उपभोक्ताले काम गर्न नदिने ( बार्ने दिन मा कार्यक्रमको आयोजना गर्ने )
५. निम्न आय भएका महिला, पुरुष तथा तल्लो जातका व्यक्तिहरुको छनौट गरि आयमुलक कार्यक्रम प्रति जागरुक बनाउन, अध्ययन भ्रमणको आयोजना गरेको
६. Decision making मा women तथा social- disadvantage group हरुलाई promote गरएको।

माथि तपसिलमा उल्लेखित प्रयत्नहरु गर्न आवश्यक थियो किन कि महिलाहरुलाई घरको काम, बच्चाको रेखदेख, अन्य घरायसी कामबाट फुर्सद नहुने साथै अलि टाढा सम्म जान हिचकिचाउने तथा पिछडिएका जातहरुको आर्थिक स्थिति कमजोर भएको, काम नगरि घर खर्च नचल्ने हुदा समेट कुराहरु M/P team ले बिचार गरी पायक पर्ने ठाउमा कार्यक्रम संचालन गरेका छौ। यस्तै Information dissemination गर्ने बेलामा महिला र पुरुषको छुट्टा छुट्टै Group बनाई महिला, पुरुष सहभागिता एउटै थलोमा सबै समुदाय बसी कार्यक्रम बनाउने जस्ता किसिमका पोष्टरहरु देखाई जागरुक बनाउने प्रयत्न गरियो। छुट्टा छुट्टै ग्रुप बनाउनुको कारण एउटै समयमा महिला तथा पुरुषहरु सहभागि हुन नमान्ने कारण श्रीमती र श्रीमान सँगै कार्यक्रममा आई दियो भने घरको काम , बच्चा तथा बस्तुभाव कसले हेर्ने आदि कुराहरु बिचार गरि महिला र पुरुषको दुइवटा समुह बनाई Information

१. गोरेटो बाटो निर्माण :
यो गोरेटो बाटो निर्माण गाउँले हरुलाई साह्रै आवश्यक भएको गाउँको मुख्य बाटो देखि लिएर खेती बारी जाने स्कूल जाने र धारामा पानी लिन जाने समेत यही बाटो भएकोले महिला तथा पुरुषको संयुक्त प्रयासबाट ५०३ मीटर लामो बाटो २६.१.१९९६ बाट शुरु गरि मध्ये March, 1996 मा सम्पन्न भएको छ।

२. च्याउ खेती : आय प्रवर्धन कार्यक्रम अर्न्गत को च्याउ खेतीमा साइट अफिसबाट 15 March, 1996 मा संचालित १ दिने तालिममा सहभागी हुनु भएका २ जना पुरुष (गुरुङ०ग) ले च्याउ खेती शुरु गरेको थियो। फेरी पनि गर्ने इच्छा भए तापनि हाल परालको अभावले खेती गर्न नसिकने भएका छन्। यस बारे सम्बन्धित व्यक्तिहरु सँग सोद्धा आउने सिजनबाट फेरी शुरु गर्ने भनी भनेका छन्।

३. उन्नत चुलो :

धुँवा कम आउने, स्वास्थ्य नबिग्रिने तथा दाउरा कम लाग्ने र बन जोगिने उद्देश्यले साइट अफिस द्वारा संचालित २ दिने आधुनिक चुलो तालिममा सहभागी हुनु भएका ३ जना पुरुष ( गुरुङ०ग २, बाहुन १ ) ले आ आफ्नो घरमा आधुनिक चुलो बनाउने बिचार व्यक्त गरेका छन्। यस बारे पतिकिंया लिदा माथि तपसिलमा उल्लेखित जवाफ नै आउँछ।

४. गोरेटो बाटो:

अन्तर सामुदायिक स्तरको सह योजना अन्तर्गतको गोरेटो सुधारमा गा. बि. स. भवनबाट भलाम गा. बि. स. सम्म जोडने बाटो आआफ्नो वडाले काम शुरु गरि सकेको छ। तर यस वडामा सामुदायिक स्तरको गोरेटो बाटोमा ब्यस्त रहेकोले हाल सम्म काम शुरु गरेका छैनन्। अहिले खेतीपातीको बेला भएको साथै बर्षातको कारणले पनि आश्विन महिना देखि मात्रै बाटो बनाउने काम गर्ने छन्। यस सम्बन्धमा गोरेटो सुधार उपभोक्ता समितिका अध्यक्षबाट कहिले देखि बाटो शुरु गर्ने भनी सोध्दा सोही उत्तर नै आएको छ।

<u>Gender Sensitivity :</u>

Information dissemination, शुष्म आधारभूत सर्बेक्षण तथा अन्य मिटिङ०गहरुमा महिला तथा तल्लो जातका व्यक्तिहरुको सहभागिता त्यति राम्रो थिएन। महिलाहरुले घरको काम, बच्चाको स्याहार सुसार, बस्तु भाउहरु को रेखदेख गर्ने र पुरुषले मिटिङ०ग तथा अन्य कार्यक्रमहरुमा सहभागी हुने गरेको देखिन्थ्यो। महिला तथा पिछाडिएका जातहरु जहिले पनि पछाडि भएर काम तथा कुरा नगर्ने। यसै सिलसिलामा साइट अफिसबाट संचालित बिभिन्न कार्यक्रममा महिला तथा पुरुष ( गुरुङ०ग, कामी , बाहुन, सबै जातका) व्यक्तिहरुको बराबर

अपहेलित हुन्छु कि भन्ने डरले पनि निर्णय गर्ने बेला पछि पर्ने । साथै पिछडिएका जातहरुले हामी निर्णय गरेको अन्यजातहरुलाई मान्य हुन्छ कि हुदैन भनेर पनि हो । यसको लागी निकै प्रयत्न गरियो । बिस्तारे बिस्तारै कुरा बुझदै आएका छन् । त्यस्ता समुहहरुबाट पनि निर्णय गराई मात्र कार्यक्रम संचालन गरेका छौ ।

५. पिछडिएका जातहरु कार्यक्रममा सहभागी भए पनि अन्य जात भन्दा टाढा बस्ने : यस्तो परम्परा पुर्खौली देखि चलि आएको छ । गुरुङ०ग , बाहुन समाजमा तल्लो जातका ब्यक्तिहरु टाढा बस्ने । श्री ५ को सरकारले पनि यस्तो चलन उन्मुलन गर्न कदम चाले पनि सफलता पाउन सकेको छैन् । ठीक यसै प्रकारले हामी पनि कार्यक्रम संचालन गर्ने बेलामा तल्लो जातीहरुलाई पनि नजिक आउनुस भन्दा पनि आउन नमान्ने, आए पनि अलि परै बस्ने । तै पनि पहिलेको भन्दा अलि नजिक नजिक बस्न थालेका छन् । यसको लागी पुर्ण सफलता पाउन त सकिएको छैन् । अवश्य केही समय लाग्ने नै छ ।

६. तालिम तथा शैक्षिक भ्रमणमा महिला र सामाजिक तथा आर्थिक रुपले पिछडिएको समूहहरु जान नमान्ने :
यस्तो किसिमको कार्यक्रम संचालन गर्दा महिला पुरुषहरु संगै जान नमान्नने । एउटा कारण त स साना बच्चाहरुको रेखदेख, घरको काम, अर्को तर्फ समाजको डर । यस्तै सामाजिक तथा आर्थिक रुपले पिछडिएका समुहहरु माथिल्ला जातका ब्यक्तिहरु संग जान नमान्ने कारण छुवा छुत, टाढा बस्नु पर्ने, एउटै टेबुलमा सगै बसेर खान नपाउने इत्यादि । तै पनि साइट अफिसबाट संचालित यस्तो कार्यक्रम प्रत्येक बर्ग र महिलाहरु लाई सम्झाई समाबेश गरेको छौ ।

७. रोजीरोटीको समस्याको कारण पनि कार्यक्रम सहभागी नहुने :

गाउमा बसेका अधिकांश ब्यक्तिहरु गरिब नै छन. । दिन भरि काम गरेर कमाएको ज्यालाबाट पनि जीबिकोपार्जन गर्ने ब्यक्ति छन् । तै पनि हामीले यस्ता ब्यक्तिहरुलाई कार्यक्रममा सहभागी गराएका छौ । यस बारे यस्ता ब्यक्तिहरु संग कार्यक्रम सहभागी किन हुनु भएन भनि प्रश्न राख्दा माथि उल्लेखित जवाफ नै दिन्छन् । यस्तै वडा नं ९ को गोरेटो बाटोमा पनि यस्ता खालका ब्यक्तिहरु सहभागि नहुदा हामीले यस्ता ब्यक्तिलाई भेटी बाटो बनाउने काम गर्नुस पैसा अवश्य पाउनु हुन्छ , तर काम गरेको मुताबिक मात्र ३ किस्तामा पाउनु हुन्छ भन्ने आश्वासन दियौ पछि मात्र काममा संलग्नता भयो । यस बारे प्रत्येक ब्यक्तिको धारणा जाईका बाट पेश्की स्वरुप केही रकम उपलब्ध गराउने बिचार ब्यक्त गरेका छन् ।

८. उपभोक्ता समितिमा महिला बस्न नमान्ने :

मुख्य कारण साक्षर नभएर हो । साथै कार्यक्रम संचालन गर्दा , समस्या आएमा साइट अफिस सम्म जानु पर्छ होला र लेखापढी पनि गर्नु पर्छ भनेर समितिमा बस्न

नमान्ने । यसको समाधान का लागी हामीले महिलालाई पायक पर्ने ठाउमा कार्यक्रम संचालन गर्ने गरेका छौ र महिला समितिमा राख्ने गरेका छो ।

## Recommendations for Strengthening Gender Sensitivity

१. उपभोक्ता समुहको सदस्यहरुलाई दक्ष बनाउन बेला बेलामा सिप बिकास सम्बन्धि तालिमको आयोजना गर्नु पर्ने ।

२. प्रत्येक फिल्ड कर्मचारीहरुको सिप बिकास को लागी Technical Training हरु दिनु पर्ने ।

३. आयमुलक कार्यक्रम तथा अन्य कार्यक्रमहरु संचालन गर्ने बेलामा जागरुक बनाउन, यस्तो किसिमको कार्यक्रम संचालन भई राखेको ठाउमा उपभोक्ताहरुलाई भ्रमण गराउनु पर्ने ।

४. पिछडिएका महिलाहरुको उत्थानको लागी बेला बेलामा गा. बि. स. स्तरीय workshop संचालन गर्नु पर्ने ।

५. पुरस्कारको ब्यवस्था हुनु पर्ने ।

६. पिछडिएको तथा निम्न आय भएका निरक्षरहरुलाई साक्षर बनाउन अनौपचारिक पौढ कक्षाहरु बढी संचालन गर्नु पर्ने ।

७. महिला, पुरुषहरु संगठित हुने किसिमको फिल्म तथा नाटक हरुको प्रदर्शन गर्नु पर्ने ।

## Monitoring Indicator

१. पिछडिएको तथा निम्न आय भएका निरक्षरहरुको लागी अनौपचारिक पौढ कक्षा संचालन गरि साक्षर बनाउन सकेमा उपभोक्ता समितिको सचित्र वा कोषाध्यक्ष पदमा बस्न मंजुर हुने छ किन कि उसले लेखपढ गर्न जानेको हुने छ ।

२. महिला, पुरुषहरु संगठित हुने किसिमको फिल्म तथा नाटकहरु देखायो भने त्यति बाट प्रभावित भई अवश्य संगठित हुनछन् र जुन सुकै कार्यक्रमहरु पनि सुचारुरुपले संचालन गर्ने छन् ।

३. पुरस्कारको ब्यवस्था भएमा संचालित कार्यक्रमहरुमा उपभोक्ताहरुले पुरस्कार पाउने आशाले काम स्तरीय किसिमले गर्छन् । जसबाट कार्यक्रम गुणात्मक हुनेछ ।

४. उपभोक्ता समुहका सदस्यहरुलाई दक्ष बनाउन Skill Development training Training हरु दिइयो भने भोली उपभोक्ता ले योजना छनौट, कार्यान्वयन संचालन तथा मर्मत संभार आफैले गर्न सक्छन ।

५. पिछडिएको महिलाहरुको उत्थानका लागी गा. बि. स. स्तरीय workshop संचालन गरियो भने महिलामा केही न केही जागरुकता अवश्य आउछ । जसबाट महिलाहरु पनि अगाडी बढन सक्छन् र कार्यक्रम संचालनमा सहयोग मिल्ने नै छ ।

६. आय मुलक कार्यक्रम तथा अन्य कार्यक्रमहरु संचालन गर्ने बेलामा जागरुक बनाउन यस्तो किसिमको कार्यक्रम संचालन भई राखेको ठाउंमा उपभोक्ताहरुलाई भ्रमण गराइयो भने अवश्य पनि केही न केही कुराहरु सिकेर आउन सक्नेछन र कार्यक्रम संचालन गरि आय स्रोत बढाउन सक्छ।

७. उपभोक्ता समुहलाई कोष खडा गर्न लगाउने:

यदि यस्तो व्यवस्था भयो भने यसै कोषबाट टुटफूट भएको सामानहरु फेर्न सदुपयोग गरिने छन् जसबाट सहयोजनालाई दिगोपन दिन सक्नेछन्।

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 13

Language : Nepali

# Case Study on Drinking Water Maintenance in Puranchour


Prepared by: Ms. Laxmi Pokharel

Site Office: Puranchour

District: Kaski

# पुरन्चौर गा. बि. स., वडा नं. ६ अन्तर्गत चितेपानी खानेपानीको ट्यांकी मर्मत सहयोजनाको एक अध्ययन

श्रीमति लक्ष्मी पोखरेल
पुरन्चौर साईड अफिस

## परिचय

पशिचमाञ्चल क्षेत्रको कास्की जिल्ला अन्तर्गत १ उप महा नगर पालिका र ४७ गा. बि. स. हरु मध्ये पुरुन्चौर गा. बि. पनि एक हो । यस गा. बि. स. उत्तर दक्षिण मोहडामा रहेको छ । यहाको भौगोलिक अवस्था केहि भिरालो र समथर छ । हावापानी Sub Tropical देखि Sub tamperate सम्म पाइन्छ । यस गा. बि. स. मा करिब ४२०० जनसख्या मधये २०७० Male र २१३० Female देखिन्छ । (source- Red cross)

यहाको मुख्य पेशा कृषि हो । यस गा. बि. स. का मुख्य जनजाती हरुमा ब्रामण क्षेत्री गिरी नेवार , भूजेल, कामी, दमै र सार्की रहेका छन् । यस गा. बि. स. अन्तर्गत २ वटा कार्यरत संस्थाहरु छन् । जसमा वडा नं. १ देखि ५ सम्म Sanitation र Drinking water जस्ता स्थानीय तवरका आधारभुत समस्या को समाधान गरि जनचेतना जगाउने काम नपाल रेडकस सोसाईटी कार्यरत छ भने १९९५ देखि बढदो वनविनास रोकी बाताबरण संरक्षणमा सुधार ल्याउने, महिला तथा गरिब बर्गको जिबनोस्तर उकास्दै प्राकृतिक सम्पदाको संरक्षण गराउन जनतालाई नै सहभागिता गराउने जस्ता Objective बोकेर HMG/JICA JOCV GPCP आयोजनाले पुरा गा. बि. स. ओगटेको छ ।

यसै सन्दर्भमा मेरो मुख्य बिस्लेषणको Topic वडा न.६ को चितेपानी खानेपानी मर्मत हुनाले म वडा नं. ६ को Profile लेख्ने गइरहेको छु ।

पुरुन्चौर गा. बि. स. को वडा नं. ६ मा पूर्वभोटी खोला, पशिचम, वडा नं.७ र ९, उत्तर वडा नं.५ र दक्षिणमा सेती गण्डकी पर्दछ ।

यस वार्ड मा मुख्य ४ वटा टोलहरु छन् ।
(१) चितेपानी टोल
(२) पौडेल थर
(३) अधिकारी थर
(४) बगर ।
यि टोलहरु छुटा छुटै पर्दछन ।

**घरधुरी संख्या :**
यस वडा नं. ६ मा १०५ घरधुरी छन् जसमध्ये २ भुजेल, १ नेवार, ४ दमै, २ सार्की र अन्य ब्राह्मण, क्षेत्रीका रहेका छन ।

**जनसंख्या :**
जनसंख्याको हिसावले पनि यो वार्ड अरु भन्दा ठूलो रहेको छ । कुल जनसख्या ६३२ मध्ये ९०.५०% ब्राह्मण, क्षेत्री , २.६८% भुजेल र नेवार छन भने ६.८१% दमै र सार्की छन् । जस

मध्ये Lower caste का महिला ५.२४% (नेवार, भुजेल र दमै सार्की) छन भने जम्मा जनसख्याको ५४.३४% महिलाहरुले ओगटेको छ ।

**साक्षरता:**
यस वार्डमा बिषेश गरी ब्रामण, क्षेत्रीको बसोबास भएको कारणले गर्दा करीब ६०% शिक्षित परिवार २०% साक्षर र बाकी २०% जति निरक्षर छन । जसमा महिलाहरु ४०% जस्तो साधारण लेखपढ गर्न सकदछन भने वडा भरिमा करिव ५-७ जनाले SLC Pass गरेको देख्न पाइन्छ ।

**आर्थिक अवस्था:**
बिषेश गरि यहाका मानिसहरुको आर्थिक अवस्था मध्यम र न्यून भएपनि ब्राह्मण र क्षेत्रीहरु भने आर्थिक अवस्थामा केहि हद सम्म माथी उठेको पाइन्छ ।

**पेशा:**
यस वडाको मख्य पेशा खेती हो । आर्थिक दृस्टीकोणबाट हेर्ने नोकरी, व्यापार ब्यवसाय तरकारी खेती दक्ष ज्यामी (ज्याला) गरी आफ्नो जिवन गुजारा गरि रहेको पनि देख्न सकिन्छ ।

**कृषि प्रणली :**
यस वडाको मुख्य खेती धान, मकै गहु प्रमुख हुन भने तरकारी खेती र तोरी आदी नगदे बालीको रुपमा लिन सिकन्छ । आधिकारी थर तरकारी बारी नमुनाको रुपमा मान्न सिकन्छ ।

**तरकारी खेती :**
यहाको मुख्य मौसमी र बेमौसमी तरकारीहरुमा काका, बन्दा, काउली, भण्टा, घिरौला, लसुन प्याज आदी पाइन्छ ।

**फलफूल:**
औसत एक घरको १ ब्रोटको दरले हुन आउने यहाका मानिसहरुको फलफूल खेतीमा .बिषेश गरी सुन्तला, आरु र निबुवा पाइन्छ ।

**पशुपंक्षी:**
यस वडामा स्थानिय गाई, भैसी, बाखा र भेडा पाइन्छ ।

**वन समपदा:**
पुरा जमिनको एकदम कम क्षेत्र मात्र वन जंगलले ढाकेको छ । यहाको वनको स्वाभित्व खाली ब्राह्मण (पौडेल) परिवारमा मात्र सिमित रहेपनि उनीहरु बाटै राम्रो संरक्षण भएको छ । यस वनमा एउटा उपभोक्ता समुह गठन भई सामुदायिक वनको रुपमा हस्तान्तरण भई सकेको छ । उत्तिस, चिलाउने, फलेदो, कटुस र कल्छे मुख्य रुख छन् । यस वडाभित्र करिव ८ देखि १० हे चौर खाली रहेको छ । जसमा उपभोक्ता समिति गठन गरि बृक्षारोपन गर्ने कुराकानी भई रहेको छ ।

यस वार्ड भित्र HMG/JICA र उपभोक्ता बिच समभौता गरि निम्न Sub-Projects हरु संचालन भई एक सहयोजना बाहके अरु सम्पन्न भई सकेका छन । जुन यस प्रकार छन ।

(१) Chitepani water tank maintenence of source protection (Chitepani)
(२) Irrigation canal protection (Poudel Tole)

(३) Trail improvement of gully control. (Adhikari Thar)

(४) RCC trail bridge construction. (Ghattekhola)

यि संचालित सहयोजनाहरु मध्ये मेरो मुख्य Analysis गर्ने Topic " **Water Tank Maintenence of Source Protection, Chitepani Tole** रहेको छ ।
वडा नं. ६ मा संचालित सहयोजनाहरु मध्ये खानेपानी मर्मत तथा श्रोत संरक्षण सह योजना चितेपानी टोलमा अवस्थित छ ।

<u>घरधुरी संख्या</u> :
यस Drinking Water Tank Maintenence को उपभोक्ताहरुमा ४४ घरधुरीहरु रहेका छन । जस मध्ये करिब पुरुष १०८ छन भने महिला १३४ छन । जसमा तल्लो जातिका महिला १३ जना र पुरुष १५ जना छन । (तथ्यांक घरधुरी सर्वेपण) ।

<u>शुरुको अवस्था</u> :
यस समुहको सुरुको अवस्थामा चितेपानीको खानेपानी सम्बन्धमा २०३६ सालमा जिल्ला खानेपानी कार्यालयको सहयोगमा ५ वटा धारा र एउटा अस्थायी किसिमको टयाकी निर्माण भएको रहेछ । त्यस धारामा पानी राम्ररी सचालन भएका थिएनन । जसलाई पानी खान मनलाग्छ उसैले धारा वा पाइप फुटाएर पानी पिउने पाइपमा बुझो राखीदिने, व्यक्तिगत कहल पर्दा धारा भाचेर त्यतिकै पानी खेर गइरहेको देखिन्थ्यो । धाराका टुटी जताततै बिग्रिएका थिए । टयांकी भित्र फोहर सढेर धेरै समय सम्म रहदा पनि उपभोक्ताहरु सफा गर्न नजाने, धारामा पानी झरुन्जेल सम्म गाग्री लिएर बस्ने पानी सुकेमा मुहानमा नवनाई धारामा, घरमा झगडा सुरु हुन्थ्यो । त्यस अवस्थामा १,२ जना पुरुषहरु गएर पानी वनाएर ल्याउथे । त्यसमा पनि तल्लो जातीलाई पहिला धारा थिएन उनिहरु नजिकै अर्को धारामा पानी लिन जादा Upper caste का महिलाहरुको आफ्नो काम नसकिकन उनिहरुलाई पानी छुन दिदैनथे । उनिहरुले १ घण्टा करिब दिनहु कुरेर पानी भर्नु पर्थ्यो त्यसरी पानी भर्न लाग्दा कसैलाइ छोयो भनेर रिसाउथे यसो हुनुको कारण जातिय छुवाछुतले गर्दा भएको हो । अर्को कुरा ५ वटा धारा मध्ये कुनै १,२ वटा धारामा पानी आएन भने अर्को पानी नआउने धाराको उपभोक्ताले मुहान बनाउन नगै अर्को पानी गइरहेको धारामा बूझो राखेर आफु पानी लैजान्थ्यो । यसो हुनाको मुख्य कारण अशिक्षा, समाजमा मिलेर बस्ने तरिका थाहा नभएको, बिभिन्न जातका मानीसहरुको बसोवास भएको कारण सबै जनामा (पानी बनाउनको जाने ? महिला,? पुरुष ? व्यक्तिमा वल्लो घर ? पल्लो घर ?) अर्काको मुख ताकेर बसने प्रकृती र आएको फाइदा मात्र उपभोग गर्न खोज्ने बिचार अर्को मुख्य कुरा भनेको महिलाहरु आफ्नो अरु काममा व्यस्त हुने र पुरुषहरु चिया पसलमा Non productive गफहरु गरेर समय बर्वाद गर्ने र बेलुका मादक पदार्थ सेवन गरी घरमा श्रीमती लाई पिटने घर खर्चको लागी छुटयाएको रकम मादक पर्दाथ सेवन गर्ने । अर्कोसग सापटी लिएको रकम तिर्न नसक्ने साहुले गाली गर्ने जस्ता व्यक्तिगत झगडाहरुमा नै व्यस्त रहेको पाइन्थ्यो त्यस भन्दा बाहेक समय आफ्नो खेतीपाती मेशा तर्फ लागेको पाइन्छ । करिब थोरै घरले छोरा र छोरीको बिवाह खर्चको लागी आफ्नो खेत करिब १/२ रोपनी जति बेचेर फजुल खर्च गरेको घटना पनि धेरै छन् । यसो हुनुको मुख्य कारण नजिकैको धनि छिमेकीकले धेरै खर्च गरि छोरीको बिवाह गरेको कारण उसले पनि Compitation गरेको हुन सक्छ । खेत बेचेर बिवाह गर्ने मुख्य मध्यम वर्गीय, परिवार पर्न आउछ । अर्को कुरा सास्कृतिक भिन्नताका कारण तल्लो वर्ग माथिल्लो वर्गको तुलनामा बढि खर्च गर्छन । उनीहरुलाई घरमा खाना नभए पनि महिलाहरुले लुगा सिएर र पुरुषहरुले दैनिक Skill labour को ज्याला पनि गरेर दिनमा रु. १६० सम्म कमाउछन् जसको मासिक आम्दानी ४८०० देखि ५००० सम्म हुन्छ तर त्यो रकम उनिहरु आदि खाई उल्टै दिनानु दिन ऋण थप्दै गएको सस्ट सग देख्न सकिन्छ जसमा प्राय

महिलाको समान सहभागीता देखिन्छ । यिनै कारणले ति Lower caste को बिचमा पनि यस्तै धेरै मत भिन्नता र झगडा देख्न सकिन्थ्यो ।

बिषेश गरि Lower caste बसेको ठाउमा गरिबी बढि हुनुको मुख्य कारण यनिहरु संग प्रसस्त खेतबारी छैन । कमाएको पैसा बचत नगरी खाएर सिध्याउछन् । जनश्रम र सामुहिक काममा जान त्यति सिक्रय हुदैनन् किनकि चितेपानी खानेपानीको काम गर्दा जुन बच्चा घरमा बसेको हुन्थ्यो उहि श्रम गर्न जान्थ्यो अलि ठुलो मानिस पठाउनु भनेर सिमतिले भन्यो भने ज्याला आउछ भन्ने मात्र काम गर्न जान्छौ भन्ने जवाफ पनि आएको थियो ।

यस चितेपानी खानेपानी समुहमा पहिला देखि नै एउटा समिति थियो त्यो समितिले खानेपानी योजनाको लागी आएको सामान एंव नगद रकम हिनामिना गरी गाउमा सोझा साझा जनता संग बिभिन्न कामको लागी पैसा उठाएर आफैले खर्च गरि कोषको हिसाव किताव राम्रो राख्न नसकी त्यतिकै निस्कीय अवस्थामा बसेको कारणबाट महिला र पानी योजना अस्तब्यस्त बन्न पुगेको कुरा महिला र पुरुष दुबैले पटक पटक स्वीकारेका थिए ।

<u>प्रयत्नहरु</u> :
पहिला सुरुको अवस्थामा बिभिन्न कृयाकलाप एम. पि. टिम. ले उपभोक्ता बिच बुझेर बिषेश गरि घर घर भेटघाट, चिया पसलमा छलफल र महिलाहरु संग बसी त्यस गाउको बस्तुस्थीती बारे जानकारी लिदा खानेपानी यस टोलको लागी अत्यावस्यक छ भन्ने कुरा वडा ६ बाट नै समस्याको रुपमा देखा पर्न लाग्यो ।

गाउमा अरु पनि धेरै समस्याहरु जस्तै मोटर बाटो, पुल, खानेपानी सिचाई, शतम चर्पि, स्कूल मर्मत जस्ता धेरै समस्सयाहरु उपभोक्ताबाट आएका थिए तर एउटा समस्या के थियो भने सामुहिकहितको लागी हुने फाइदाका समस्यालाई १/१ जना व्यक्तिबाट आउने हुनाले M/P Team ले ति समस्सया मध्ये अत्यावस्यक समस्यालाई समुहबाट माग गरेर आउने बनाउन गाउमा पटक पटक टोल भेला, महिला समभागिताको लागी महिलाहरु सग छुटा छुटै र संयुक्त मिटिङ० गरि भिभिन्न पोस्टर, पम्पलेटको माध्यम र अन्यत्रको उदाहरण जस्तै थान्दुक दिएर गाउलेहरुमा एक आपसको घरायसी झगडाबाट भएका वेफाइदा बारे बुझाई समुहमा मिटिङ० संचालन नहुने त्यस ठाउमा सकेसम्म समयमा आउने बानी सुरु गराउन लाग्यो ।

योजना छान्ने भन्दा अगाडी प्रत्येक टोलमा योजना छान्नको लागी बिषेश तल्लो जाती र महिलाहरुलाई कुरा बुझाउन जादा हाम्रो फुर्सद छैन आफ्नो घरको काम त गर्न गाह्रो छ सामाजिक काम गर्न सक्दैनौ घरमा बच्चा छोडेर मिटिङ०मा जान सक्दैनौ, लोग्ने मान्छे गएर निर्णय गरे भैइहाल्छ भने जस्ता कुरा पनि आएको र १,२ पटक भेला गराउदा खाली मुखले मात्र निर्णय गर्ने पुरुषहरु मात्र अघि सरेको तल्लो जातको मान्छे हामी गरिबलाई दु:ख दिन आएका भने कुरा पनि हुन लाग्यो त्यस बेला गाउका मान्छे हरु M/P Team ले जहिले पनि मिटिङ० गर्छन काम केहि गर्न आटेनन् भनि जम्मा नहुने गर्न थाले । बिस्तारै M/P Team ले दिदि बहिनी र कुरा बुभने खालका व्यक्तिहरुलाई राम्रो कुरा मिलाउन सहयोग गरेर करिब ९०% घरधुरी बाट महिला र पुरुष जम्मा भई योजना छान्ने काममा चितेपानीबाट केहि पुरुष र प्राय महिलाहरुको सहभागितामा वडा बाट छनौट भएका हुन ।

योजना छान्नु भन्दा अघि चितेपानी खानेपानी योजना समुह गठन भएको त थियो तर त्यो समितिको बेइमानीको कारण कसैलाई बिश्वास गर्दैनथे । चितेपानीमा कुनै हालतले पनि M/P Team ले सिजलै समेटन सक्ने स्थिति थिएन । त्यसैले यसलाई एउटा समस्या भन्दा पनि गाउमा

घटि रहने साधारण घटनाको रुपमा लिएर महिलाहरु सग फुर्सदको समय मिलाउदै उनिहरुलाई समस्या भएको कारण बताए पछि बिस्तारै उनिहरु संग बिस्तारै घुलमिल हुन लागियो । महिला हरुलाई मात्र पानीको समस्या परेको कुरा महिला पुरुष दुबैले बताए उनिहरुको बिचारमा पानी बोक्ने, खाना पकाउने, लुगा धुने काम सबै महिलबाट हुन्छ पुरुषलाई १ लोटा पानी भए मुख धुन पुग्छ त्यो मुख धुने पानी पनी श्रीमतीले ल्याउने हुदा हामी केटा मान्छेलाई याद नै हुदैन भनेर बिचार व्यक्त गरेको पाइयो । यसो हुनुको मुख्य कारण पुरुषले आपनो सम्पुर्ण काम महिलाबाट गराएको, धार्मीक र परम्परा बादी समाजको कारण Male लाई higher class मा राखेर प्रत्येक साना देखि ठूला सम्म समस्या महिलाहरुको काधमा जिम्मा दिनु हो ।

यस्ता बिचारले ग्रस्त समाजमा M/P Team को बिचारमा महिलाहरु लाई एकजुट गराएमा समस्याको समाधान हुन सकिन्छ भन्ने सोची उनिहरु संग धेरै पटक मिटिङ०, छलफल र भेला बोलाई समुह गठन हुन सल्लाह दिइयो । महिलाहरुलाई पनि समेटन त्यतिकै कठिन थियो किनकि उनिहरुको अज्ञानताको कारण एक अर्कासग मेल मिलाप थिएन । घरमा सासु र बुहारी बिच घरको काम गर्ने कुरामा बिबाद थियो भने छिमेकीसग पानी पधेरो, खेतबारीमा काममा जादा खेरीका बिबाद र अन्य बिबाद पनि त्यतिकै थियो । जसको लागी M/P Team ले करिब ४,५ पटकको मिटिङ०मा चितेपानीका महिलाहरुलाई आफ्नो कार्यक्रम उदेश्यको बारेमा कुरा गर्ने मौका नै पाएन किनकी महिलाहरु कुनै कुरा सुनेर निर्णयमा पुग्न नपाउदै झगडा गर्न थाल्थे र घर जान्थे । त्यस बखत M/P Team ले प्रत्येक महिला र पुरुषहरुलाई पटक पटक घर, चिया पसल र टोलमा गएर गाउमा मिलेर बस्ने र समुहमा मिलेर काम गर्ने कुरा लाई Infromation dissemination को पुस्तकको माध्यमहरु लिएर सम्झाइयो । त्यसको केहि समय पछि Meeting बोलाइयो । महिलाहरु राम्रोसंग सहभागी भएर छलफल भैईरहेको बेला २,४ जना मादक पादर्थ खाएका पुरुषहरुले आएर Meeting मा Disturb गर्न थाले त्यो समाधान महिलाहरु बाटै भयो । कसरी भने मादक पदार्थ सेवन गरेका पुरुषले मिटिङ०मा आएर झगडा गर्न पाइदैन भनेर महिलाहरु बोले पछि पुरुष आफ्नो घर तर्फ वा झगडा गरेर त्यहि बस्ने व्यापक उदाहरण पाइन्थे ।

फेरी अर्को पटक समुहको समिति कै निर्णय अनुसार बैठक बस्यो त्यति बेला महिला र पुरुष दुबै उपस्थित थिए जसको कारण पुरानो खानेपानी समितीसंग महिलाहरु बाट अगाडीको Record हिसाब किताब माग्ने काम भयो । यसरी माग्ने काम हुदा दुबै तर्फ करिब २,३ घण्टा बाद बिबाद भयो । बाद बिबादमा उठेका मुख्य कुरा अगाडीको खानेपानीको रकम पुरुषको हिनामिना गरेको सामाजिक कामको लागी उठाएको पैसा समितिका व्यक्तिले खाएको हुनाले अब फेरी त्यस्ता मान्छेहरु लाई समितिले नराख्ने, काम गर्दा, निणर्य गर्दा महिलाको पनि सहमतिमा हुनु पर्ने कुरा महिलाहरु बाट उठेका थिए भने पुरानो समितिले गरेको पुरानो काम खानेपानी हुनाले महिलाहरुको समतिले गर्न पाउदैन पुरुषले नै समितिमा बस्न पाउनु पर्छ नत्र काम सफल हुदैन भन्ने धमकी थियो । यि बिबादले महिलाको आत्माबल बढ्यो र उनिहरुले समिति नया गठन गरि समितिमा सबै जना महिलाहरु सहभागी भै महिला समुहको रुपले काम सम्पन्न गरेर देखाउने निर्णय गरे त्यसबाट फेरी २,४ जना पहिला देखि का टाठा बाठा पुरुषले पदमा बस्न नपाएको हुनाले बिरोध गरेर अन्तिममा सल्लाहकार समिती थप गराई ति व्यक्तिहरुलाई सल्लाहकार समितिको पद दिएर समान गरे पछि समस्या समाधान भयो ।

महिलाहरु समुहमा मिलेर हिडे पनि फेरी घरायसी झगडाका कारण साना समस्यामा अल्झी बिबाद भैइ हालथ्यो। ति कुरा बिचार गरेर M/P Team ले महिलाहरु तिजको बेला पारी नाच गान गरि घर घर गएर केहि सकलन गर्ने र त्यसबाट गाउमा नभै नहुने अति खटकेको सानातिना सामाजिक कामहरु गर्ने भनि सल्लाह दिएपछि महिलाहरुले खानेपानी मर्मत गर्ने भनि

गाउमा नाचगान गरि रकम उठाउन लागे गाउकम मान्छेहरुले आफ्नो इच्छाले २० देखि १५० सम्म दिएर जम्मा रु. २५३६.०० २ दिनमा राती राती हिडेर महिलाहरुले जम्मा गरे ।

यसरी रकम जम्मा गर्न जादा पहिला देखि समितिले पैसा हिनामिना गरेको कारण गाउमा सबै जना रकम दिन त्रसित देखिन्थे । उठाएको रकम हिनामिना नहोस र उनिहरुको मन परिवर्तन नहोस भन्ने हेतुले M/P Team ले रकमको हिसाब किताब राख्ने तरिकम र भेला भएको बखत सुनाउने सल्लाह अनुसार उनिहरुमा सहमती आई कार्यकम सुरु गर्न आटियो । तर त्यति रकम ले खाने पानीको मर्मत काम नसिकने उनिहरुमा सहसुस भयो र जाइकाको वडाको लागी छुटयाएको रकमबाट काम गर्ने भनि वडामा करिब १०५ घरमा चितेपानी टोल बाट ३६५ जति महिला र ४ जना जति पुरुष र अन्य टोलबाट करिब ४०,५० जना महिला, पुरुष गरि जम्मा ८०,९० जनाको उपस्थितिमा योजनाहरु छनौट भए । जसमा खानेपानी टयाकी पनि मर्मत सभार र तल्लो जातीमा १ थप धारा निमार्णको रुपमा छानियो । योजना छनौट भएपछि User र Techican बिचमा जनश्रमबाट र Project बाट गरिने कामको बारेमा स्पस्ट जानकारी गराइयो त्यस पछि गा. बि. स. अध्यक्ष, वडा सदश्य र उपभोक्ता समितिका व्यक्ति सहित M/P Team योजना Recommendation गरि Approval committee मा पठाइयो ।

Implementation को अगाडी करिब ४० घर उपभोक्ताहरु मध्ये २० महिला र १८ पुरुषहरुको सरसल्लाह र छलफलबाट एउटा Operational plan, M/P Team को सहयोगमा निम्न कुराहरु समावेश गरि तयार गरियो जुन निर्देशिकामा Sub-Projects को मर्मत सभार जनश्रम परिचालन कहिले कसरी गर्ने, पछि सम्म निरन्तर खानेपानी संचालन गर्न कति घर घरै उठाई कोष खडा गर्ने, पानी मुहान सरक्षण गर्न बृक्षारोपण गर्ने जस्तो बिभिन्न कुरामा छलफल गरि कार्य सम्फौता भयो ।

Implementation को बेला २,३ दिन अगाडी देखि समितिले छलफल गरि समितिले पालो पालो गरि बालुवा, गिटी, भर्ने काम भयो । समुहका मानिस बिषेश गरि महिलाहरु एकदम उत्साहित भइ काम गरेको देख्न पाइन्थ्यो । तर योजना छनौट निर्णय गर्दा Lower caste जति उत्सुक देखिन्थे काम गर्ने बेला उनिहरुले धारा पाउने भएपछि बिषेश Un skill को काम गर्न सहभागिता एकदम कम देखियो । किनकि उनिहरु बिना पैसाको काम गर्न त्यति चाहेनन् । पछि M/P Team र समितिले सम्फाए पछि काम राम्रो सग बढदै गयो ।

टयाकी मर्मत र ढलानको लागी जम्मा ४१९१८.७७ मध्ये १४५२७.४८ (३४.६४%) जन सहभागितार २७३९१.२९ (६५.३४%) Projects cost लागेको थियो । तोकिएको इस्टीमेट अनुसार काम गर्न जम्मा १६० जना अदक्ष्य ज्यामी र २३ जना दक्ष ज्यामी लाग्यो । जस अनुसार करिब १२० जना जति महिला सहभागी भएको देखिन्थ्यो । पुरुष प्रधान समाज भएको कारणबाट महिलाले श्रम गरेपनि पुरुषको नामबाट Record राखेका हुनाले उपभोक्ताको रेकर्डबाट त्यो वास्तबिक देखिन नसकेता पनि M/P Team को बिचारमा स्पष्ट थियो । टयांकी समाप्त भएपछि १९९६ को आषाढमा महिला समुहबाट खानेपानी मुहान संरक्षणको लागी आवश्यक Fencing र बिरुवाहरुको माग आइसकेको छ । मर्मत संभारको लागी प्रति घरको रु. ५ को दरले २०५३ बैशाख बाट उठाउन लागेका छन् । बिषेश समितिको बैठक प्रत्येक महिनाको २ पटक र समुहको २ महिनामा १ पटक बस्ने बानी सुरु गर्न लागेका छन् । पहिला बिरोध गर्ने व्यक्तिहरु अहिले गाउमा मिलेर बसेका छन् र मर्मत संभारको लागी रकम तिर्न तयार छन् । उनिहरुले उठाएको रकम समितिको निर्णयमा गाउमा १०० को २% ब्याजमा दिएका छन् । अहिले उनिहरुको कोषमा रु. ३६००.०० रकम बचत छ ।

**<u>Sub-project starting देखि Implrmentation गर्दा सम्म आएका projects :-</u>**

(१) महिलाले समुह र समिति बनाएर खानेपानीको काम गर्न लाग्दा पहिलाको समितिका पुरुषले, महिलाले अराएको काम हामी नगर्ने । उनीहरु आफै गर्छन भनेर गाउमा अरु महिलाहरुलाई अध्यक्ष र उपाध्यक्षले जे भन्छन त्यहि मान्नु पर्दैन । उनिहरु आफै गरुन नभए पुरुषहरुलाई समितिमा बस्न दिनू पर्छ भनि पुरुषले आफुलाई महिलाले नटेरेको भन्ने धारणा ।

(२) समितिको महिलाहरुले आ आफ्नो जिम्बेवारी के के हुन सक्छ र कसरी जनतालाई काममा लगाउने भन्ने नसोचि आ-आफू बसेर निर्णय गर्ने ।

(३) जनश्रमको बेला श्रम गर्न जाने मानिसको नाम नलेखी श्रीमानको नाम लेख्ने, उदाहरणको लागी बालुवा बोक्न श्रीमती सिता गएको छ भने श्री राम प्रसाद भनेर Record गराउने जसले गर्दा महिलाले गरेको श्रम पनि पुरुषले गरेको जस्तो देखिनु । (Male headed house hold)

(४) पानीको लाइन खनेर धारामा पानी दिने बेलामा र धारा बनाउने बेलामा समुहबाट पानी जोडने, धारा बनाउदा जनश्रम नदिने जस्ता धारणा थियो ।

(५) पुरुष मिटिङoको बेलामा सहभागी नहुने, छलफलमा भाग नलिने र काम गर्ने बेलामा यो भएन उ भएन भनि दोष लगाउने गरेका थिए ।

(६) महिला महिलाको बिच योजना छान्ने कममा, काम गर्दा बिचमा सानो कुरामा झगडा गरी निर्णय नगरी त्यतिकै हिडने ।

(७) महिलाहरु अशिक्षित हुनाले केही रेकर्ड राख्न र हिसाब किताब गर्न साथै समितीको काम, कर्तव्य बुझ्न एकदम गाह्रो थियो ।

(८) प्रत्येक्ष व्यक्तिगत फाइदा मात्र खोज्ने ।

<u>समस्या आउनाको मुख्य कारणहरु</u> :

पुरुष र महिला बिचमा नै पहिला देखि व्यक्तिगत स्वार्थ लिने एउटा नराम्रो बिचार जन्मिसकेको हुनाले यस Projects मा पनि आफु पदमा बस्न पाए केहि व्यक्तिगत स्वार्थ पुरा हुन्थ्यो कि भन्ने मुख्य कारण थियो ।

समाजमा महिला अगाडी बढेमा पुरुषहरुको आफ्नो त्यस्ता अवसर, प्रतिस्ठा र आउने फाइदा गुम्छन, आफुलाई अरु गाउका मान्छेको गन्दैनन् र आफ्नो पहिलाको खानेपानी सचालन गर्दाको गल्ती पत्ता लाग्दा भन्ने केहि पुरुषहरुको सकास्पद धारणा ।

प्रत्येक नेपाली समाज पुरुष प्रदान हुनाले जुन घरबाट खानेपानी समुहको लागी महिला जनश्रम दिन जान्थ्यो त्यस घर बाटै श्रीमान को नाम लेखाउन चाहाने र आफुले गरेको मेहनतको

राम्रा फल श्रीमान लाई दिन र लिने चाहने धारणा । अर्को कारण महिलाको नाम श्रीमान को नाम भन्दा पछाडी आउने परम्परा जस्तै रामकी श्रीमती, हरी कि बुहारी यसरी चिन्ने चलन भएर वास्तविक श्रम कस्ले गर्यो भनेर Record बाट पत्ता लगाउन गाह्रो ।

तल्लो जनजातीको बिचार पनि नराम्रो थियो किनकी उनीहरु Free मा श्रम गर्न जान चाहेनन् र यदि गए भने पनि दैनिक दक्ष ज्यामीसंग टयांकीको काम गर्दा घरको काम गर्न नसक्ने बच्चा अथवा बिमारी महिला जान्थे । घरको सक्ने पुरुष खानेपानी कै दक्ष ज्यामीको काम गर्थे तर उनिहरु १ दिन पनि आफ्नो श्रम त्यत्तिकै गर्न चाहदैनथ्ये । यो नचाहानु को कारण उनिहरुलाई बिहान बेलुकाको खाना, रक्सी, चिया, चुरोट खान पुग्दैनथ्यो ।

महिला पुरुषमा समुह, समिति भए पनि त्यस समुहमा कसरी काम गर्ने, महिला, पुरुष दुबैले समान अवसर पाउनु पर्छ भन्ने अज्ञानता र जनचेतनाको कमीले गर्दा यि बिभिन्न समस्या आएका हुन ।

<u>यि समस्या समाधान गर्न गरेका प्रयासहरु</u> :

# धेरै पटक महिला महिला र पुरुष पुरुष बिचमा वास्तबिक बिबादको जरो पत्ता लगाई त्यसलाई उनिहरुमा नै छलफल गराएर ।
# टोल भेला, घर घरमा भेटघाट, अनि व्यक्तिगत स्वार्थ लिन खाज्ने मान्छे भन्दा समाजमा केहि गर्न सकिन्छ भने जस्तो मान्छेलाई समितिमा छान्नको लागी उपभोक्तालाई Incourage गरेर ।
# तल्लो र माथिल्लो जात भनेर नछुटयाई योजना छनौट, निर्माण र समिति चयनको बेला बराबर सहभागिता गराई उनिहरुको कुरालाई बिषेश चासो राखेर ।
# बिबाद आउने मुख्य कारण पत्ता लगाई छलफल र सम्झदारीबाट ।
# भिडियो प्रर्दशन गराएर (हालसालै)
# बिभिन्न चाड पर्व र बिवाहमा नाचगान, भजन गर्ने हौमला जगाएर ।
# समुहमा राम्रो काम गर्नेको मात्र प्रशसा गरेर ।
# सल्लाहकार समिति गठन गर्ने सल्लाहहरु दिए । दैनिक उनिहरु सगै सहभागी भएर समस्याको समाधान भयो ।

<u>**Second Year को लागी Recommendation**</u> :

(१) महिला र पुरुष दुबैलाई समिति र समुहको काम कर्तव्य र अधिकार बारे ज्ञान दिलाउने किसिमको तालिम ।

(२) महिलाहरुलाई प्रौढ शिक्षा संचालनको माध्यम गराई त्यसबाट उनिहरुलाई बिभिन्न किसिमका कृयाकलापहरु जस्तै: भिडियो प्रर्दशन, स्वास्थ्य कक्षा, बचत तरिका, कानुनीहक अधिकार, आत्मा निर्भरता हुने खालका जस्तै: तरकारी खेती, बाख्रापालन, अन्य कृषि प्रणाली, बच्चाहरुको स्याहार, सुसार जस्ता शिक्षा प्रदान गर्ने ।

(३) बिषेश गरि गाउलेहरुसंग, त्यसमा पनि महिला र तल्लो जातीसग बिभिन्न माध्यम द्वारा जस्तै: चिया पसल, घर खेतीबारीमा काम गर्दा, धारा पधेरा, भेला, बैठक चाड पर्व

आदिमा संगसंगै कुराकानी र घुलमिल भएर उनिहरुलाई आफ्नो उद्देश्यसंग जति सक्दो नजिक गराउन खोज्ने ।

(४) उनिहरुलाई आफ्नो कामसंग सम्बन्धित आवश्यक अध्ययन भ्रमण, तालिम उपलब्ध गराउनु पर्ने ।

(५) मिटीड० गर्दा बिषेश गरि महिला सहभागीता कसरी गराउने तर्फ चिन्तनशिल हुने र त्यसको लागी आवश्यक ज्ञान र सिप कार्यरत फिल्ड कर्मचारीहरुलाई नै हुनु पर्ने ।

(६) उपभोक्ताहरुबाट मर्मत सम्भार बारे अगाडी नै सकारात्मक सोचाइ र कोषको व्यवस्था उनिहरु बाटै सुरु नगराई योजना अगाडी नबढाउने र जनसहभागितामा राम्रो श्रम दिएको समुहलाई केहि पुरस्कारको व्यवस्था गर्ने ।

(७) महिला फिल्ड कर्मचारीहरुलाई उनिहरुको शारिरिक र प्राकृतिक भैपरि आउने समस्याको सकारात्मक सोचाई राखि कार्यक्षेत्र तर्फ Incourage गर्ने किनकि नेपालमा थोरै मात्र महिलाले ग्रामीण बिकासको लागी सहयोग पुर्‍याएको छन् । ।तर उनिहरुको गाउ स्तरमा राम्रो प्रभाव परेको उदाहरण धेरै छन् । धेरै भएर पनि उनिहरु अगाडी बढने मौका पाएका छैनन् ।

<u>दोस्रो बर्षको लागी Gender sensitivety को Monitoring indicators निम्न हुन सक्छन</u>

* नियमित बैठक बस्ने, भेला गरि छलफलबाट निर्णय मर्मत माइन्युट राख्नु ।
* कोषको हिसाब किताब सुरु गरि व्यवस्थीत रुपले मर्मत संभार गर्दै जानु ।
* निरन्तर मर्मत सम्भारको लागी उनिहरुसंग सो कामसंग सम्बन्धित प्रबिधिक ज्ञान हुनु ।
* समितिमा प्राय सबै वा केहि महिलाहरुको प्रति निधित्व गराउनु ।
* आफ्ना आवस्यकता र समस्यालाई समुह मार्फत समाधान गर्ने उपाय खोज्न सक्ने हुनु ।

यस्ता बिसिमका सूचकहरु देखा पर्न लागेता पनि केहि समय उनिहरुलाई बानी बसाउन प्रयास गसरएन भन्ने यि जोखिम कामहरु फेरी पहिलाकै स्थितिमा नआउलान भन्न सकिन्न् किनकि सानै उमेर देखि बिभिन्न रुढिवादी परम्पराका छाप मेटिन समय लाग्छ । त्यसैले नया Generation को Child education मा ति पुराना बिचारबाट ग्रस्त समाजलाई Challenging गर्ने किसिमका शिक्षा राख्न एकदम आवश्यक छ । कमाएको रकम कसरी बचत गर्ने भन्ने कुरा सिकाउन पनि त्यतिकै आवश्यक देखिन्छ र अन्त्यमा प्रत्येक साना ठूला कार्यकममा महिलाहरुलाई नै समेटन प्रयास गरियो भने हाम्रो जस्तो मुलुममा प्रत्येक कामको प्रत्यक्ष भुमिका महिलाहरुको नै रहन्छ । धेरै थोरै जुनसुकै काममा पनि उनिहरु सरिक भएकै हुन्छन् । उनिहरुसग प्रत्येक्ष सम्बन्ध भएर पनि शिक्षा र चेतनाको कमिले गर्दा त्यलाई बिनास गरि रहेका हुनाले पुरुषको तुलनामा महिलाको जन चेतना जगाउन सक्नु नै दिगो बिकासको एक मात्र Key मान्न सकिन्छ । त्यसैले जति सुकै समय लागेता पनि प्राय महिलाहरुलाई नै कार्यकममा सहभागी गराउने प्रयास M/P Team ले सोचेको छ । यो सफलता पाउन पनि निकै सघर्ष पछि मात्र हुन सक्ने चितेपानी खानेपानी समुहले शिक्षा दिएको छ ।

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 17

Language : Nepali

# Case Study on Landslide Control in Sirubari

Prepared by: Mr. Keshar Bahadur Raibhat

Site Office: Sirubari

District: Parbat

## Sirubari Site Office, Parbat

- केशर बहादुर राईभाट
एमापि टिम

**M/P team report for workshop on gender sensitivity in community participations**

**I. Profile of the Ward**

यो पहिरो अन्तर समुदायस्तरको सबप्रोजेक्ट भएकोले यसमा थानामौला गा. वि. स. वडा नं. ७ खाल्टे र वडा नं. ८ विरवारीका जनताहरुसंग सम्बन्धीत रहेको छ। तर पनि यो पहीरो वडा नं. ७ मा नै अवस्थीत भएकोले र प्रत्यक्ष रुपमा वडा नं. ७ खाल्टे गाउ संग सरोकार राख्ने भएकोले प्रोफाईल पनि वडा नं. ७ को नै तयार पारीएको छ।

| | | |
|---|---|---|
| **Total Population** | **312** | |
| **Male** | **157** | |
| **Female** | **155** | |
| **Women Headed House Hold** | | **14** |
| **Number of House Hold** | **52** | |
| **Ethnic Composition** | | |
| **Gurung** | **34 House** | |
| **Jogi** | **12 House** | |
| **Barmin** | **2 House** | |
| **Sarki** | **2 House** | |
| **Kami** | **1 House** | |
| **Damai** | **1 House** | |
| **Literacy Rate** | | |
| **Female** | **30%** | |
| **Male** | **65%** | |

**Economic Situation**

यस वार्डको प्रमुख आयस्रोत कृषि नै हो। यहाका अधिकाशं जनता कृषिमा आधारीत छन् तरपनि १० प्रतिशत घरलाई मात्रै वर्षभरी खान पुग्ने अवस्थाका छन। यसको प्रमुख कारण खाल्टे पैरोनै रहेको छ। पहीरो जानु भन्दा अगाडि यो क्षेत्र यस गाउको "अन्नको भण्डार" को रुपमा चिनिन्थ्यो। जब यो पहीरो सुरु भयो ५० प्रतिसत अन्न नस्ट भएको अनुमान गरिन्छ। यस्तै यो गुरुङहरुको वस्ती भएकोले दोस्रो आयस्रोतको रुपमा विदेश जस्तै हङकङ, जापान, भारत आदिमा गएर पैसा कमाउने रहेको छ। साथै पेशागत जाती दैनिक ज्यालादारी गर्छन भने गरुङका केही महीलाहरु रक्सी वनाई पैसा कमाउने पनि गर्छन्। यसरी विदेश गई नोकरी गर्नेको संख्या ५० रहेको छ। केही धनी र पैसा कमाउनेहरु गाउ छोडेर पोखरा, काठमाण्डौ आदि स्थानमा वसाई सर्ने कम पनि भइरहेको छ।

II. Main Activities in the ward

Annex 3 Face Sheet of sub-project (1)

Date: No.

1. Title of the sub-project: Khalte Landslide Control (Intercommunity Level sub-project)
2. Location: Khalte Village Ward No. 7, VDC - Thanamaula
3. Totl cost Rs. 309756.03 (100%)
4. HMG/JICA Rs. 235254.13 (76%)
5. User's Group Rs. 74501.90 (24%)
6. Approved Date: 5-2-1996
7. Starting Date: 13-2-1996
8. Completion Date: 10-8-1996
9. Total No of benefitted Nouse Hold: 79 (Scheduled caste 4)
10. Total No of user group committee memeber: 11
    Male: 6
    Female: 5
11. Total No. of user gropu members: 246 (F: 217 M: 209) (Sc.: 19)
12. Summary of the sub-project:

Objectives:

- पहीरो नियन्त्रण गर्नु (भू क्षय कम गर्नु) ।
- वातावरण संरक्षण गर्नु ।
- खेती योग्य भूमीको संरक्षण गर्नुका साथै उत्पादकत्व बढाउन ।
- उपभोक्ता (जनता) लाई पहीरो सम्बन्धी चेतनाको विकास गराउनु ।

Main Acitvites:

- प्रभावीत क्षेत्रमा वृक्षारोपण गर्नु (वन र घास सम्बन्धी)
- पक्की छेक बाध निमार्ण गर्नु ।

Methodology:

सूचना प्रवाह

माग संकलन

लेखाजोखा गर्नु

सर्वेक्षण र लागत अनुमान गर्नु । संझौता

स्वकृती गर्नु

कार्यन्वयन गर्नु

अनुगमन । मूलाङ्कन

हस्तान्तरण

दिगो विकास

**Problem and obstacles encountered:**

**Problem:**

1. User group मा राजनैतिक मतभेदले काम गर्न गाह्रो परेको ।
२. उपभोक्ता समुहबाट जनसहभागीताको काममा ढीलासुस्ती भएको ।
३. वालुवा ढुवानी गर्न टाढा (करीव २० की. मी.) भएकोले मानिसद्धारा समेत नसकिएको र खच्चड समेत वेलामा नपाएको र पहीरो क्षेत्र साढे अप्ठेरो ठाउमा भएकोले खच्चड आउन नसक्नु का साथै गाउंमा विभिन्न कार्यहरु जस्तै गा. वी. स. को ५ लाखको बजेट, स्कूल परीयोजना, हेल्थपाष्ट, GTZ को कार्यक्रम आदिले खच्चड तथा ज्यामी उपलब्ध हुन नसक्नु ।
४. सीमेन्ट ढुवानीमा ५० कीलोको व्याग भएको कारणले संबन्धीत उपभोक्ताले वोक्नु नसक्नु र सिमिन्ट बोक्ने मानिस गाउंमा नपाउनु आदिले गर्दा काम सम्पन्न गर्न मा ढिलाई भएको ।
५. डकर्मी काममा अदक्ष कामदार (करीव रु. १८, ०००) प्रोजेक्टले बेहोर्न नमील्ने, जनता (उपभोक्ता) ले पनि पैसा उठाउन नसक्ने, दिन दिनै उपभोक्ता पाले पालो गरी आउदा समयमा नआउने, दक्ष कामदार लाई काम दिन नसकिने र सीमेन्ट र वालुवा उचित मात्रामा मिलाउन सक्ने व्यक्तिको अभावमा गुणस्तर यूक्त कार्य हुन नसकेको ।

**Activities under-taken to solve the Probles and Obstacles**

1. User group committee मा सबै पार्टी सदस्य राखीएको र उपभाक्ता समितिको अध्यक्ष सवै पक्षलाई समेट्न सक्ने क्षमता भएको र सामजिक भावनाले ओत प्रोत व्यक्ति छनौट गरीएको ।
२. जनसहभागीताको आधारमा काममा ढिलासुस्ती भएकोले अन्य वार्डका आमा समूहलाई सहभागीता गराउनका साथै अन्य उत्प्रेरणा जगाउने साधन (भिडिया शुटिङ) को प्रयोग गरि जनसहभागीता जुटाएको, जसमा महीलाहरुको बढी सहभागीता थियो ।
३. वालुवा ढुवानी गर्ने खच्चडलाई चलन चल्ती भन्दा केही बढी पैसा दिएको र खच्चड थपाउने मानिस (गोठालो) लाई पनि चलन चल्ती भन्दा वढि पैसा

दिएर वालुवा ढुवानी गरेको (किनकि प्रचलन अनुसार ज्याला दिदां ढुवानी गर्ने ठाउ अप्ठारो ठाउमा भएको कारण ढुवानी गर्न कोहि पनि नमान्ने)।
त्यसतै वालुवा ढुवानीको समयमा मोदीको पूल भत्केको हुदा खच्चडहरु कुरमा जान नसकी साल्टेको लाथि वालुवा ढुवानी गर्न संभव भएको।

४. सिमेन्ट ढुवानीको लागि मानिस नपाएर अर्को गा. वि. स. बाट ४।५ जना, चलन चल्ती भन्दा बढी पैसा दिएर सामान ढुवानी गरिया।

५. डकर्मी कामको लागि अदक्ष ज्यामीको लागि प्रोजेक्ट बाट पैसा दिन पर्छ भनेर अनुरोध गरिएको र प्रोजेक्टले पनि मैखीक सहमती दिएको।

**Monitoring**

- एक जना सुपरभाइजर नियुक्ती गरिएको छ।
- एमापी टिम लगायत जिल्ला भूसंरक्षणका प्राविधिकहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ।
- प्रोजेक्ट स्टाफ र जलाधार विशेषज्ञबाट पनि वेलावेलमा निरिक्षण गरिरहनु भएको छ।
- उपभोक्ता समितिले पनि अनुगमन गरेको छ।

**Maintenance & Sustainability**

**Maintenance & sustainability** को लागि सब प्रोजेक्टको काम सकिए पछि उपभोक्ता समुहलाई आवश्यक तालीम तथा भ्रमण गराई कोषको व्यवस्था गरी विधिवत रुपमा उपभोक्ता समुहलाई हस्तान्तरण गरिने छ र त्यसको सम्पूर्ण रेखदेख तथा मर्मत संभार उपभोक्ता आफैले गर्ने छन र प्रोजेक्टले वेला वेलामा उपभोक्ता समुहलाई सरसल्लाह र सुझाव दिने छ।

**Community Participation**

यस कार्यमा जनसहभागीता सन्तोष जनक रुपमा नै भएको थियो।

**Gender Cosideration**

| | |
|---|---|
| ढुङगा फोर्ने तथा जम्मा गर्ने काम : | सम्पूर्ण पुरुष |
| ढुङगा बोक्ने काम : | ५० प्रतिशत भन्दा वढि महीला |
| गिट्टी बनाउने : | ५० प्रतिशत भन्दा वढि महीला |
| जग खन्ने काम: | सम्पूर्ण पुरुष |
| सिमेन्ट ढुवानी : | सम्पूर्ण पुरुष (केही उपभोक्ता) |

**Envirnomental Cosideration**

प्रभावित क्षेत्रमा घास तथा वृक्षारोपण गर्ने कार्यक्रम छ।

III. **Gender Sensitivity Consideration**

**Efforts and Insights**

हामीले लिंग संवेदनशिलतालाई ध्यानमा राखेर गाउंमा स्थापीत आमा समुहलाई परिचालन गरिएको छ। साथै अन्य वार्डका आमा समुहलाई पनि सहभागीता गराइएको थियो। जस्तै सवप्रोजेक्टको काम ५० प्रतिशत भन्दा वढी महीलाहरुलेने हुंगा ढुवानी तथा गिट्टी बनाउने काम गरेका थिए।

यसरी उक्त काममा महिला जनसहभागीता गराउन आवश्यक थियो। किनभने गुरुङ० समुदाय भएको कारण अधिकांश विदेश गएकोले गाउंमा पुरुष मान्छे वढी मात्रामा छैनन्। यस्तै गरी पुरुष विना महीलाले मात्रै पहीरोको काम गर्न सक्दैनन् भन्ने जुन धारणको विकास भएको छ त्यसलाई निर्मुल पार्नु थियो। महीला समुहले पहीरो नियन्त्रण जस्तो काम पनि गर्न सक्छन भन्ने देखाउनु थियो। कुनै पनि काममा पुरुषसंग भर पर्नु पर्दैन भन्ने प्रमाणीत गर्नु थियो। त्यसैले हामीले लिंग शंवेदनशिलतालाई जोड दिईको हो।

IV. **Major Problems and Obstacles Encountered**

उपभोक्ता समितिमा महीलाको संख्या धेरै भए पनि वैठकमा उपस्थित सन्तोष जनक रुपमा भएको पाईएन। उपस्थित कम हुनुको कारण निर्णय गर्ने कार्य पुरुषहरुको जिम्मा हो भन्ने भावना प्रवल हुनु। त्यतै गरेर यो पहीरो नियन्त्रण संम्भव छैन। यो जापान संग धेरै पैसा भएर खर्च गर्ने ठाउ नपाएर खर्च गरेको हो, यो पैसा खर्च मात्रै हुने भयो, यसले गर्दा हामीलाई पनि दुख दियो भन्ने सोचाई र अर्को कुरा उपभोक्ता थोरै काम धेरै भएकोले पनि ढीला सुस्ती आएको थियो।

माथि उल्लेखीत समस्या समाधानको लागि वेला वेलामा महीलाहरुलाइ "विकासको कार्यमा महीलाको भूमीका" वारेमा वताईयो र सम्वन्धीत वार्डको जुन कार्यमा शिथिलता आएको थियो त्यसको लागि फिल्म खिच्न भनीयो। यसो गर्नाले गाउका सम्पूर्ण महीलाहरु जनसहभागीताको काममा आउनु भएको थियो। आमा समुहलाई अन्य आमा समुहसंग सहयोग माग्ने सुझाव दिईयो, जस अनुसार राम्रो सहयोग पाईयो। साथै कार्यमा सकियता ल्यउन र जन सहभागीता जुटाउन आकर्षणको विभिन्न माध्यम अपनाईयो जसमा महीलाहरुको सहभागीता ज्यादा थियो। जस्तै भिडियो सुटिङ० आदि।

यो सवप्रोजेक्ट सफल हुनाका प्रमुख कारणहरु :

१. गुरुङ० समुदाय हुनु (अरु कास्टमा भन्दा सामाजिक धारण वढी भएको) ।
२. उपभोक्ता समितिको अध्यक्ष दक्षखालको, सामाजीक भावनले प्रेरीत र राजनैतिक रुपले सवैलाई समेट्न सक्ने ।
३. आमा समुह र युवा क्लव पनि उत्तीकै सकृय हुनु आदि ।

V. **Recommendation for strengthening gender sensitivity for the empowerment of people and sustainable development.**

**What kind of issues do you think must be carefully examined for the second year's operation?**

1. कृषकहरुको खेतीपातीको समयलाई विचार गरी सव प्रोजेक्ट दिन सक्नु पर्छ ।
२. गाउ घरमा जुन महीला पुरुष भनी ज्याला को भेदभाव गरीन्छ त्यसलाई प्रोजेक्टले निर्मुल पार्ने प्रयास गर्नु पर्छ जसले गर्दा महीलाहरु विकास प्रति वढी सकृय हुन्छन ।
३. गाउमा भएका महीला तथा आमा समुहलाई वढी से वढी परीचालन गरी उनीहरुको भूमीका, काम, कर्तव्य, अधिकार माथि जानकारी गराउनु पर्छ ।
४. गाउघरमा आमा समुह प्रसस्त गठन भएका तर सहि दिशावोध नहुनाको कारणले गर्दा उनीहरुले सामाजिक विकासका कार्यहरुमा ठोश प्रगती गर्न नसकी अल्मलीएका छन् । त्यसैले उनीहरुलाई सही दिशावोध गराई विकास कार्यमा सहभागीता गराउन विभिन्न उत्प्रेरण जगाउने खालका कार्यक्रम संचालन गर्नु पर्छ ।

**What kind of issue or activities do you think is necessary to be included in the planning and implenemtation of the subprojects in the second year operation and in the future?**

- महीलाहरुले मात्रै गरेका सफल (सक्सेसफुल) कार्यक्रमहरुमा लक्षीत समुह का महीलाहरुलाई भ्रमण गराउनु पर्छ ।
- विभिन्न किसिमका महीला कृयाकलाप सम्बन्धी फिल्म, स्लाईड आदि देखाउनु पर्छ ।
- जुन किसिम सवप्रोजेक्ट संचालन भैरहेको छ, त्यसको मर्मत संभार सम्बन्धी तालीम दिनु पर्छ ।
- कुनै पनि सवप्रोजेक्ट वनाउदा २० देखी ३० प्रतिशत महीलाका निर्णय भएका कार्यक्रमलाई प्राथमीकता दिनु पर्छ । अथवा त्यो सवप्रोजेक्टमा २० देखि ३० प्रतिशत नीति महीलाद्धारा वनेको हुनु पर्छ ।
- कुनै पनि Infrasturcture subproject महीला समुहले मात्रै गर्छन भने त्यस्तो समुहलाई अनुदान दिनु पर्छ ।

**What kind of gender sensitivity monitoring indicators should be developed for the second year's operation and in the futrue?**

- ७५ प्रतिशत महीला उपभोक्ता समीतिको प्रत्येक बैठकमा उपस्थीत भएको हुनुपर्ने ।
- कुनै पनि सब प्रोजेक्ट २० प्रतिशत नीति महीलाको निर्णयबाट बनेको हुनुपर्ने ।
- उपभोक्ता समितिको महीला सदस्यलाई कोष जम्मा गर्ने र परिचालन गर्ने बारेमा थाहा हुनु पर्ने ।
- सब प्रोजेक्ट संचालनमा २० देखि ३० प्रतिशत महीलाको सहभागीता भएको हुनुपर्ने।

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 19

Language : Nepali

# Case Study
on
Women's Group Activities in Thulipokhari

Prepared by: Ms. Basanti K. Pariyar

Site Office: Thulipokhari

District: Parbat

## Thulipokhari Site Office, Parbat

**M/P team report for workshop on gender sensitivity in community participants**

I. **Profile of Ward:**

**Ward No. 6, Puwa**

| | | |
|---|---|---|
| **Number of House Hold** | | **81** |
| **Population** | | **400** |
| **a.** | **Male** | **200** |
| **b.** | **Female** | **200** |

**Literate**

| **Education Level** | | | **Ward No. 6 (%)** |
|---|---|---|---|
| **a.** | **University** | **Male** | **1%** |
| | | **Female** | **x** |
| **b.** | **College** | **Male** | **2.5%** |
| | | **Female** | **0.5%** |
| **c.** | **S.L.C.** | **Male** | **30%** |
| | | **Female** | **10%** |
| | **Illiterate** | | **56%** |

**Ethnic Composition**

| | | |
|---|---|---|
| **1.** | **Shoe maker** | **12 H.H.** |
| **2.** | **Tailor** | **17 H.H.** |
| **3.** | **Kunwar** | **6 H.H.** |
| **4.** | **Brahmin** | **46 H.H.** |

**Economic Situation**

प्रायजसो बामणहरुको धेरै जग्गा जमीन छ, त्यसकारण उनीहरुलाई वर्षभरिमा खान पुग्छ आफ्नो खेतीवारीको अन्नबाट साथै उनीहरु अरु ओ.सी. जात भन्दा शिक्षित पनि छन् र विभिन्न सेक्टरमा काम गर्छन तर दमाई, सार्कि र कुवरहरु संग थोरै जग्गा छ, सो बाट प्रसश्त अन्न उब्जनी हुदैन जसले गर्दा ६ महिना भन्दा बढि खान पुग्दैन ।

| बाम्हण | दमाई, सार्की र कुंवरको |
|---|---|
| ४० रोपनी खेत | १ देखी २० रोपनी खेत र बारी |

पायवरी ओ.सी. (तल्लो जात) का पुरुषहरुले भारी बोक्ने, ज्याला मजदुर, सिकर्मी, डकर्मि आदिको काम गर्छन भने महीलाहरुले कृषि कार्य जस्तै धान रोप्ने, कोदो रोप्ने, झारपात उखेल्ने गोड्ने आदि काम गर्छन् ।

महीला र पुरुषलाई बाउमा ज्याला दिने रकम फरक छ, महीलाले एक दिन काम गरेर रु. २५ । ३० पाउछन भने पुरुषले रु. ९० देखि रु. १२० सम्म कमाउछन ।

व्यावसायिक जातिका महीला पुरुषहरुले जति धेरै मेहनत कोशिस गरे पनि आर्थिक स्थिती सन्तोषजनक छैन यसको मुख्य कारण यस पकार छ

- धेरै वालबच्चा जन्माउनु ।
- सफासुग्घर नुहुनाले विरामी भई पैसा खर्च हुने ।
- पैसाको सहि सदुपयोग नगर्ने जस्तै रक्सी पिउने, तास खेल्ने ।
- प्रसस्त उव्जनी जग्गा नहुनु ।

जमिनको स्वामित्व

पायवरी जग्गाको हकवाला पुरुष नै हुन्छन । आईमाई घरमूली भएमा वा श्रीमान मरेमा मात्रै जग्गा महीलाको अधिनमा हुन्छ, घरमा बाबु र आमा पछिको हकवाला छोरा हुन्छ । छोरा पनि जेठोमा त्यो अधिकार रहन्छ । तर छोरीको लागि अंश दिईदैन, केवल विबाह खर्च मात्र छुट्टाइएको हुन्छ । यदि ३५ वर्ष सम्म विबाह नगरेमा छोरीले अंश पाउने कानूनी प्रावधान छ । यदि ३५ बर्ष पश्चात विबाह गरेमा, सो अंशबाट महिला स्वत: बन्चित हुनेछिन् ।

II. <u>Main Activities of The Ward</u>
Ward No. 6

**Numbers of requested Sub-Projects which has been followed up by M/P Team**

**A. Infrastructure Development - 6**

**1. Irrigation (Pond Maintenance)**
**Puwa, Pandhara - 6, Puwa.**

| **Beneficiaries** | | |
|---|---|---|
| B | - | 19 |
| C | - | x |
| G | - | x |
| M | - | x |
| N | - | x |
| OC | - | |
| Female | | 55 |
| Male | | 65 |
| Total | | 120 |
| W.H.H. | | |

**B. Income Generation Act. - 1**

**1. Goat Rising**
**Ward No. 6, Puwa.**

| **Beneficiaries** | | |
|---|---|---|
| B | - | 19 |
| C | - | x |
| G | - | x |
| M | - | x |
| N | - | x |
| OC | - | x |
| Female | | 55 |
| Male | | 65 |
| Total | | 120 |
| W.H.H. | | 5 |

2. **Irrigation**
**Saunepani**
**Ward No. 6, Puwa**

**Beneficiaries**

| | | |
|---|---|---|
| B | - | 19 |
| C | - | x |
| G | - | x |
| M | - | x |
| N | - | x |
| OC | - | x |
| Female | | 55 |
| Male | | 65 |
| | Total | 120 |
| W.H.H. | | 6 |

3. **Drinking Water Maintenance**
**Ward No. 6, Pauwa Danda**
**(The source is in uard No. 7 of Public Forest)**

**Beneficiaries - Brahmin - 19 H.H.**

माथिका ४ वटै सब प्रोजेक्टहरु ब्राम्हण टोलबाट मात्रै आएका छन् । तै पनि कुवर, दमाई र सार्कि बाट कुनै पनि अनुरोध आएको छैन ।

उक्त सबप्रोजेक्ट माग गर्ने उपभोक्ताहरुको नाम यस प्रकार छ

१. श्री खिम लाल आचार्य
२. श्री चोलेश्वर आचार्य
३. श्री हेमनाथ आचार्य
४. श्री ऋषिराम आचार्य
५. श्री लेखनाथ आचार्य
६. श्रीमती देवी आचार्य
७. श्रीमती जसोदा आचार्य
८. श्री होमनाथ । वासुदेव आचार्य
९. श्री डिल्लीराम आचार्य
१०. श्री नारायण प्रसाद आचार्य
११. श्री काशीराम आचार्य
१२. श्रीमती कोपीला आचार्य
१३. श्री गोकुल आचार्य
१४. श्री डिल्लीराम आचार्य

१५. श्री धनपति आचार्य
१६. श्री बसन्त आचार्य
१७. श्रीमती शान्ती आचार्य
१८. श्री शिव प्रसाद आचार्य

**4.** **Drinking Water**
**Ward No. 6**
**Bihichaur, Tallo shima**

**Beneficiaries**

| | | | | |
|---|---|---|---|---|
| Brahmin | - 12 H.H. | F - 34, | M - 28, | W.H.H. - 2 |
| OC | - 1 H.H. | F - 2, | M - 2, | W.H.H. - 1 |

**5.** **Drinking Water**
**Swara Bedkhet**
**Bihichaur - 6**

**Beneficiaries**

| | | | |
|---|---|---|---|
| G | - 2 H.H. | F - 8, | M - 5 |
| Kunwar | - 1 H.H. | F - 4, | M - 5 |
| OC | - 6 H.H. | F - 17, | M - 18 |

**6.** **School Maintenance**
**Thulipokhari - 6**
**Pachung**

**Beneficiaries**

| | | | | |
|---|---|---|---|---|
| B | - | 60 H.H. | Total - | (Including female & male) |
| C | - | 6 H.H. | Total - | (Including female & male) |
| O.C. | - | 32 H.H. | Total - | (Including female & male) |

III <u>लिंग, संवेदनशीलको लागि गरिएको प्रयत्न:</u>

माछापुछ्रे आमा समूह
वार्ड नं. ६, पुवा पाचुंगे

एमापी टिमले वडा नं १, २ र ४ मा आमा समुह गठन गरको कारणले प्रभावित भई वार्ड नं. ६ काजीत बहादुर नेपाली बाट जाईकामा एमापी टिमलाई आमा समूह गठन गरीदिनको लागि अनुरोध गरिदिनु भएको थियो, सोही मुताबिक एमापी टिमले मिति २०५२।११।२ मा बैठक बस्न लगायो तर उक्त दिनमा २० । २५ जना मात्र उपस्थित हुनुभएको थियो, उपसथित वालाको नाम लेखौ भन्दा केही महीलाहरु मान्नु भएन कारण नाम लेखाउदा केही गडवड हुन्छ कि भनेर । २ ।३ घण्टा वसेर छलफल गर्दा पनि उहाहरु हिचकिचाउन भयो, त्यसकारण त्यस दिन मिटिङ० स्थगित गरियो ।

फेरी पुवा वडा नं. ६ वस्ने श्रीमती कोपीला आचार्यले साईट अफिसमा आएर आमा समूह गठन गर्नअनुरोध गर्नु भयो ।

मिति २०५२।११।१६ गते सम्पूर्ण वार्ड नं. ६ को महीलाहरु पुवाको चौतारीमा जम्मा हनु भयो । जसमा करिब ५९ जना महीला उपस्थीत हुनु हुन्थ्यो ।

यसै शिलसीलामा एमापी टिमले प्रोजेक्टको बारेमा जानकारी दियो । साथै आमा समुहको बारेमा यो के हो ? कस्तो काम गर्छ ? आदि बारेमा पनि जानकारी दियो ।

उहाहरुकै सकृयतामा १५ सदस्सीय समिति बन्यो । माछापुछ्रे आमा समुहको पदाधिकारीहरुको नामावली निम्न अनुसार छ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्रीमती तेज कुमारी सुवेदी |
| २. | उपाध्यक्ष | श्रीमती कोपीला आचार्य |
| ३. | सचिव | श्रीमती शान्ती आचार्य |
| ४. | सहसचिव | श्रीमती कुमारी आचार्य |
| ५. | कोषाध्यक्ष | श्रीमती मिरा भट्टराई |
| ६. | सदस्यहरु | श्रीमती विष्णु कुमारी पौडेल |
| ७. | " | श्रीमती तुलसी नेपाली |
| ८. | " | श्रीमती सुकमाया नेपाली |
| ९. | " | श्रीमती माया सुवेदी |
| १०. | " | श्रीमती यसोदा सुवेदी |
| ११. | " | श्रीमती सिता भट्टराई |
| १२. | " | श्रीमती यम कुमारी आचार्य |
| १३. | " | श्रीमती डल्ली नेपाली |
| १४. | " | श्रीमती देवी आचार्य |
| १५. | " | श्रीमती माया नेपाली |

मासिक बैठक तालिका

| मिटिङ० नं. | मिति | छलफल गरिएको बिबरण | निर्णयहरु | सहभागी नामावली | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |

नोट: उक्त फारम माईक्रो क्रेडितको पुस्तकबाट लिइएको हो ।

आमा समुहका केही सदस्यसंग आमा समुह बनेपछि के हुन्छ भनेर एम. पी. टिमले सोधेको थियो ?

सो को जवाफमा आमा समुहका सदस्यहरुले निम्न कुरा बताएं, आफ्नो वार्ड सफा सुन्दर होला, विकास होला, पानी आउला र सुविधा होला, बाटो घाटो बनाउला आदि ।

जाइकाका कर्मचारीबाट गठन गरीएकोले केही अरु सहयोग पनि पाईन्छ कि जस्तै उहाहरुले आमा समुह गठन गरेपछि जाईकाबाट मादल, माईन्यूट बुक, पेन आदि माग्नु भयो ।

आमा समुह रजिष्टर गर्ने काम पनि हामीले नै गर्नु पर्छ भन्ने धारण लोग्ने मान्छको पनि देखीयो ।

त्यस सम्बन्धमा हामीले तपाईहरुबाट वा कुनै राम्रो व्यक्तीहरु छानेर सल्लाहहाकार समिति वनाई उहाहरुबाट कुनै पनि काम गर्नु अगाडि सुझाव लिने सल्लाह दिएका थियौं ।

तर यसो गर्दा महीलाहरुले आफ्नो सानो समस्या सुल्झाउन पनि पुरुषको भर पर्नु पर्‍यो ।

उनीहरुमा आफ्नो निर्णय गर्ने क्षमतामा बृद्धी हुनुको सट्टा परनिर्भर हुन सक्ने संभावना बढ्यो ।

## IV. मुख्य समस्या र बाधाहरु:

- मूख्य समस्यालाई हेर्दासमुहमा ३ थरी जातको महीला भएको तर उनीहरुमा समान दायित्व नभएको ।
- ठूलो जात र सानो जात मा भेदभाव भएकोल र जात अनुसार ईज्जत हुन्छ भन्ने धारणाले गर्दा नाचगान गर्ने, पैसा उठाउने काममा सानो जातका महीलाले गर्नु पर्ने ।
- सानो जातका महीलाहरुको पढाई नभएकोले कोषमा के कति रकम छ भन्ने कुरा थाहा नहुने ।
- अरु महीलाले (बाम्हण) जे निर्णय गरे पनि मान्नु पर्ने ।
- समितिमा ठूलो पद (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष आदि) मा ठूला जातका हुने र सबै एउटै टोलको भए पनि फरक नपर्ने ।


- उपरोक्त समस्याहरुको मुख्य कारण महीलाहरु विचमा त सानो म ठूलो भन्ने धारणा, जातीय भेदभाव हुनु हो ।
- दलीत महीलाहरुमा शिक्षाको अभाव भएकोले हिसाव किताव गर्न नसक्नु,
- पुरुषहरुबाट स्वतन्त्रता नदिईने,
- समयमै मिटिङ० गर्न आउन नसक्नुका कारण कहिले काहि मिटिङ० स्थगित गर्नु पर्ने ।

उपरोक्त समस्याहरुको वारेमा जानकारी लिंदा, उहाहरुको काम बढी भएकोले (घास काट्ने, गोठालोको काम, खाना पकाउने, वारीको काम, सरसफाई आदि) समयको अभाव हुने र बैठकमा ढिलो गए पनि केहि फरक पर्दैन भनि समयलाई बुझ्न नसक्नु नै मूख्य देखियो ।

V. **Recommendation for strengthening gender sensitivity for the empowerment of people & sustainable development**

- के.डी.एस. र अन्य जातीका छुट्टा छुट्टै आमा समुह गठन गर्नु पर्ने ।
- महिला उत्प्रेरणा जगाउने जस्ता तालीमहरु संचालन गर्ने ।
- निर्णय प्रकृयामा महीलाहरुलाई सहभागी गराउने ।
- पुरुषहरुले घरका काममा सहयोग पुर्‍याई महीलाहरुलाई सामाजिक कार्यमा संलग्न हुने अवसर दिने ।
- स्थानीय स्रोत प्रयोग हुने खालका आयोजनाहरु संचालन गर्ने ।
- महीलालाई पनि छोरा सरह सम्पत्तीको समान अधिकारी बनाउने ।
- महीला उत्थानका लागि उपयोगी विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

# THULIPOKHARI VDC, PARBAT




**INDEX**

1) VDC Boarder: ______
2) Ward Boarder: ~~~~
3) Malayangdi Khola: ⩳
4) Site Office: II
5) Ward No. 6: ●

**M/P Team**

Basanti Pariyar
Thulipokhari Site Office
Parbat

**Japan International Cooperation Agency**

**HMG/JICA Community Development & Forest/ Watershed Conservation Project**
**HMG/JOCV Greenery Promotion Cooperation Project**

---

Workshop on Gender Sensitivity in
Community Participation
Pokhara
20-25 June 1996

Case Study No. 21

Language : Nepali

# Case Study on Gulley Control in Tribeni

Prepared by: Ms. Shanta Devi Upadhaya

Site Office: Tribeni

District: Parbat

# त्रिवेणी साइट अफिस, पर्वत

शान्ता उपाध्याय

एमापी टीम

| गा.वि.स. | वार्ड न | जनसख्या | | | जम्मा घरधुरी संख्या | सामाजिक वर्गिकरणको आधारमा घरधुरी सख्या | साक्षारता प्रतिशत | स्थापित महिला समूह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु | जम्मा | | | | ✓/✗ | |
| त्रिवेणी | १ | १८७ | १७३ | ३६० | ५६ | बा. २२, म. २६, क्षे. १, पे.जा. ७ | ८६ ।. | ✓ १ र २ मयूक्त | |
| त्रिवेणी | २ | १८० | १७२ | ३५२ | ४२ | बा. १, म. ३६, गु. १, पे. जा ४ | ९० ।. | | |
| त्रिवेणी | ३ | ९९ | ९२ | १९१ | २८ | वा. १७, म. ११ | ५२ ।. | ✗ | |
| त्रिवेणी | ४ | १७५ | १५० | ३२५ | ४५ | वा. २५, म. १९, ठ. १ | ८७ ।. | ✓ | |
| त्रिवेणी | ५ | ११५ | १३५ | २५० | ४५ | वा. ४२, ठ. ३ | ८० । | ✗ | |
| त्रिवेणी | ६ | १५५ | १५६ | ३२० | ४० | वा. २०, म. २० | ८१ ।. | ✗ | |
| त्रिवेणी | ७ | १८८ | १९१ | ३७९ | ४७ | वा. १५, घ. २, म. २४, पे. जा. ६ | ८५ ।. | ✗ | |
| त्रिवेणी | ८ | १५२ | १३९ | २९१ | ३३ | म. ३३ | ८४ ।. | ✗ | |
| त्रिवेणी | ९ | १३७ | १५२ | २८९ | ५२ | बा. २९, ने. १५, म. ७, मु. १ | ८० ।. | ✓ | |
| जम्मा | | १३८८ | १३६९ | २७५७ | ३८८ | | | ३ वटा समूह | |

नोट

| | | | | | |
|---|---|---|---|---|---|
| बा | बामण | ठ. | ठकुरी | म. | मगर |
| घ | घर्ती | ने. | नेवार | मु. | मुस्लीम |
| गु. | गुरुङ० | पे.जा. | पेशागत जाती | | |

घर धुरीको आधारमा सबे भन्दा मुख्य जाती मगर र क्रमश: बामण, पेशागत जाती र नेवार रहेका छन्।

Economic Situation

प्रसस्त एंव रामो खेती योग्य जमिन नभएको र अन्य व्यवसाय पनि नगरेको कारण वर्ष भरी खान पुग्ने अवस्था निकै कम छ। प्राय गरी मगर जातमा विदेशी पेन्सीनभएको कारणले गर्दा केही सघाउ पुगेको देखिन्छ, भने धेरै जसको आर्थिक अवस्था निकै कमजोर छ।

II. **Main Activities**

| | | | | |
|---|---|---|---|---|
| 1. | Title of Sub-project: | Bokekhola Gully Control | | |
| 2. | Location: | VDC: Triveni<br>Ward No. 6, 8 & 9 | | |
| 3. | Total cost: | Rs. 262,661.16 | | |
| 4. | HMG/JICA: | Rs. 194,367.48 (74%) | | |
| 5. | User Grop: | Rs. 68,293.68 (26%) | | |
| 6. | Approved Date: | 18 Jan, 1996 | | |
| 7. | Starting Date: | 19 Jan, 1996 | | |
| 8. | Completion Date: | 30 March, 1996 | | |
| 9. | Total No. of Benefitted House Hold: | 163 | (Scheduled Castes: 5) | |
| 10. | Total No. of User group committee members: | | Female:<br>Male: | 7<br>8 |
| 11. | Total No. of User group Member: | | Female:<br>Male:<br>S.C.: | 320<br>343<br>25 |

नोट:

भोके खोला गल्छी नियन्त्रणको कामबाट उल्लेखीत घरधुरी मात्र Benefitted नभई अर्को महत्वपूर्ण संस्था विद्यालय र क्याम्पस भवन एवं जग्गा संरक्षण गर्नु पनि हो।

Summary of the Boke-khola Gully Control Sub-Project.

Objectives:

- स्कूल क्षेत्रको संरक्षण गर्नु (भवन तथा मैदान)
- आवादी जग्गाको साथै सिचाँई र खानेपानी प्रणालीको संरक्षण गर्नु।
- नदी किनाराका वस्तीका साथै आर्घुड० बजारको संरक्षण गर्नु।
- नदीमा दुवै किनारा र जलाधार क्षेत्रमा बृक्षारेपण गरि हरियाली प्रवर्द्धन गर्नु।

**Main Activities:**

१. दुईवटा चेक बाँधहरु निर्माण गर्नु ।

२. दुईवटा SBS कार्य गर्नु :

क) १४ क्रौं. मी. लम्वाई

ख) २६ मी. लम्वाई

**Methodology:**

- गा.वि.स. अन्तर्गतको समस्या मानिएको उक्त गल्छी नियन्त्रणको काममा सवै वार्डको सक्रिय सहभागीता भएन । जसमा वार्ड नं. २,४,५,६,७,८ र ९ भित्रको जनताहरुको सहभागीतामा काम हुदै छ ।
- समितिको जिम्मेवारीमा प्रोजेक्टले ढुवानी खर्च व्यहोरी दिएर ढुवानी कार्य भएको थियो । जहा मुख्यतया खच्चड द्वारा ढुवानी गराईएको थियो ।
- ढुगां भर्ने वेला दक्ष र अदक्ष कामदार दुवै मिलाएर गर्नु पर्नेमा जनसहभागीताबाट अदक्ष ज्यामी जुट्न नसकेकोले दक्ष कामदारबाट नै जालीमा ढुगां भर्ने काम भईरहेको छ ।
- तारको जाली वुन्ने कार्यमा त्रिवेणी गा.वि.स. अन्तरगतका व्यक्तीहरुलाई सिकाउने कार्य पनि जारि राखिएको छ, जसमा ३ जना व्यक्तीहरुले, आफू सो कार्य गर्न नसक्ने कारण देखाइ छोडिसकेका छन भने एक जना भने शुरु देखिनै उक्त कार्यमा संलग्न रहदै आएको छ ।

**Problems and Obstacles encountered**

- वास्तवीक उपभोक्ता समुह र उपभोक्ता समिति छान्न नसकिएको कारणले गर्दा समितिका सदस्यहरु सकृय हुन सकेनन् ।
- समय समयमा छेक बाँध परिवर्तन गरिएकोले आयोजना माथि जनताहरुको विश्वास कायम हुन नसक्नु ।
- उपभोक्ता समुहरु पनि निश्कृय भएको कारणले गर्दा प्रगती वान्छनिय रुपमा हुन नसकेको ।

**Community Participation**

गा.वि.स. भित्र सन्चालन भईरहेका निम्न परीयोजनहरुले गर्दा बोकेखोला नियन्त्रण कार्यमा जनसहभागीता जुटाउन गाह्रो भएको छ ।

- क्याम्पस भवन निर्माण
- सेदी खोला झोलुङ्गे पुल निर्माण
- प्राथमीक शिक्षा परियोजना भवन निर्माण

यसका अतिरीक्त उपभोक्ता समिति निर्माण गर्दा, सम्पूर्ण वार्डहरुबाट सामुदायीक रुपले जनसहभागीता जुटाउन खोज्ने प्रयास गरिएता पनि तदनुरुप सबै वार्डहरुबाट वान्छित ढंगले सहयोग हुन नसकेको ।

**Gender Consideration**

योजना छनौट एंव निर्णय गर्ने कार्यमा पुरुषहरुले मात्र प्रभाव पार्न खोज्ने, बैठकहरुमा महिलाहरुलाइ भाग लिने अवसर दिन नखोज्ने तर कार्यान्वयन गर्ने अवस्थामा महीलाहरु मार्फत काम गराउन खोज्ने जस्ता परम्पराले गर्दा लिंगको आधारमा समेत काममा फरक आउन सक्ने अवस्था पनि देखीन्छ ।

**Environment Consideration**

खोलाको दुवै किनारामा खेती योग्य जग्गा एंव विद्यालयको प्रांगणमा क्षती पुर्‍याएको र खोलाको माथिल्लो भागमा पनि नांगो डाँडा देखिएकोले वातावरणीय अवस्थामा सुधार ल्याउनको लागि वृक्षारोपण कार्य एंव प्राकृतिक वन संरक्षण कार्य अति आवश्यक देखिन्छ ।

**III. Gender Sensitivity**

सब प्रोजेक्ट अन्तरगत भईरहेका कृयाकलापहरुको विवरण एंव ढिलाई हुनुको कारणहरु :

सार्वजनीक संस्था विद्यालय, क्याम्पस खेतीयोग्य जमिन एंव वजारको वस्तीलाइ नै नस्ट गर्न सक्ने संभावना का साथै गा.वि.स. कै प्रमुख समस्याको रुपमा रहेको बोकेखोला नियन्त्रणको लागि त्यस गा.वि.स. बाट आएको निवेदन वमोजिम प्रोजेक्टको तर्फबाट संभाव्यता अध्ययन तथा विस्तृत सर्वेक्षण भयो ।

सर्वे र इस्टेमेट को वेला प्राविधिकहरुले जनताको मनसाय र मनोभावनालाई पनि मनन गर्नु पर्नेमा त्यसलाइ विचारै नगरी निर्माण स्थान निश्चीत गरकोले उपभोक्ता समुहलाई जवरजस्ती काममा लगाउनु पर्‍यो । काम शुरु भएको लगत्तै पुन: स्थान परिवर्तन हुनाले कार्यक्रम प्रति जनताको विश्वास हट्न गयो । यसरी क्षेत्र परिवर्तन गर्दा पहिलाको ठाउमा जम्मा गरेको ढुंगा पुन: अर्को नया ठाउमा प्रोजेक्ट लागतबाटै ल्याउनु पर्‍यो ।

तार ढुवानी कार्यमा समितिले आफ्नो जिम्मेवारी निभाउन गाह्रो पर्‍यो, जसमा मुख्य समस्या ढुवानी साधनको कठिनाई थियो । गा.वि.स. भरिको

प्रतिनिधित्व हुने गरी उपभोक्ता समुहले चयन गरेको समितिका सदस्यहरु वैठकको समयमा उपस्थित नहुने र कुनै पनि विषयमा निर्णय गर्न गाह्रो हुन्थ्यो । उक्त समितिमा २३ जना महीलाहरुको सक्रीय सहभागीता थियो र विशेष गरि महिलाहरुलाई विभिन्न जिम्मेवारीहरु दिदा उनीहरुको सक्रीयता बृद्धि हुदै गएको पाइयो ।

यस प्रकार कार्यान्वयनका हरेक चरणहरुमा महिलाहरुको निर्णायक भूमीकामा सुधार एंव सक्रिय सहभागीता जुटाउनका लागि केही पयास गरिएको भएतापनि गल्क्षी नियन्त्रण जस्तो साझा समस्या भएको कारणले गर्दा महीला तथा पुरुषको सहभागीता जुटाउन एकै प्रकारको पयास गरिएको थियो ।

## लिंग सम्वेदनशिलतामा सहभागीता जुटाउन गरिएका प्रयासहरु :

सामाजिक कार्यहरु एंव योजना छनौट गर्ने र निर्णय प्रकृयामा पुरुषहरुको मुख्य भूमीका रहने तर जनश्रमदानको काम सकेसम्म महिला समूहबाट गराउन खोज्ने जस्तो प्रकृयालाई वुझ्दा आयोजना कार्यन्वयन गर्ने हरेक अवस्थामा महीला पुरुषको समान सहभागीता जुटाउन निम्न कुराहरु माथि ध्यान दिन आवश्यक छ :

- महीला पुरुषको संयूक्त एंव छुट्टा छुटै भेला र वैठकहरुको आयोजना गर्नु।
- महिलाहरुलाई समुह भित्र आवद्ध गराउन सकेमा उनीहरुको निर्णय दिने क्षमता वढ्न सक्छ भन्ने उदेश्यले सामुहिक रुपमा कार्यक्रमहरु लेजाने जस्ता योजनाहरुलाई प्राथमीकता दिने ।
- महीलाहरुलाई स्वतन्त्ररुपमा आफ्नो खुवी देखाउन सक्ने वातावरण वनाउनको लागि पुरुष समुहहरुको परम्परागत विचारमा परीवर्तन ल्याउने जस्ता कार्यक्रमहरु संचालन गर्ने ।

## IV. Major Problems and Obstacles Encountered

- गा.वि.स. अन्तर्गतको प्रमुख समस्या हुदा हुदै पनि गा.वि.स. भित्रका सम्पूर्ण जनताहरुको सक्रिय सहभागीता हुन नसक्नु ।
- एउटा सवप्रोजेक्ट शुरु भएदेखि अन्त्यसम्ममा विभिन्न नियमहरु परिवर्तन भइरहनाले कार्यक्रम पति जनताको सकारात्मक धारण नहुनु ।
- भौगोलिक, सामाजिक, प्राविधिक एवं परम्परागत चलनचल्ती आदिको कारणले पनि गर्न अप्ठ्यारो स्थीतिको सृजना हुनु ।

जस्तै :

- सडक बाटो बाट भण्डै ९ कोष टाढा निर्माण क्षेत्र हुनु ।
- चलन चल्ती र परम्परागत धारणाले गर्दा आफैले सक्ने काम पनि गर्न हिचकिचाउने ।
- तार ढुवानीको लागि मान्छेले बोक्ने वा खच्चड द्वारा बोकाउने दुवै तरीका निकै अप्ठेरो तर त्यसको विकल्पमा अन्य साधन नहुनु ।
- जनताको मनसाबलाई वास्ता नगरी सर्भेक्षण गर्ने र तत्काले त्यसलाई परीवर्तन गर्ने ।
- एउटै निर्माण कार्यमा विभिन्न प्राविधीक अनुसार राय सुझाव फरक फरक हुनुले सुपरभाईजर, एमापी टिम एंव उपभोक्ता समुहमा भ्रम सृजना हुनु ।

- गा.वि.स. भित्र अन्य सामाजिक कामको व्यस्तताले गर्दा पनि सहभागीता जुट्न नसक्नु ।
जस्तै :
  - क्याम्पस भवन निर्माण हुनु ।
  - प्राथमीक शिक्षा परियोजनाको भवन निर्माण हुनु ।
  - सेदीखोला भोलुगें पुल निर्माण हुनु ।

- उपभोक्ता समुह एंव उपभोक्ता समितिले पनि आफ्नो जिम्मेवारी एवं भूमीकालाई फूसर्दको समय र व्यस्त समयलाई विचार गर्न नसक्नु ।

यसरी माथिका उल्लेखीत कारणहरुले गर्दा कार्यन्वयन कार्यमा ढिलाई भई रहेको छ ।

**लिंग सम्वन्धि सम्वेदनशीलतामा सहभागीता जुटाउने प्रयास गर्दा आइपरेका समस्याहरु, समस्याका कारणहरु र समाधानका लागि गरिएका कोशिसहरु :**

समस्याहरु:

* लिंग सम्वन्धी भेदभाव नराखी विभिन्न भेला, वैठक आदिमा सहभागीता जुटाउने प्रयास गर्दा महीला सहभागीतामा कमी देखिनु ।

* महीला । पुरुषको संयूक्त भेलामा महीलाहरुले निर्णाक भूमीका निभाउन नसक्नु ।
* विभिन्न समुह एवं समिति भित्र समेट्न कोशिस गरिएको तर सहभागीतामा जुट्न सफल महिला समूह प्रती पुरुषहरु (गा.वि.स. प्रतीनिधी लगायत) को नकारात्मक हेराइ रहनु ।
जस्तै :
  - घरायासी व्यस्ततामा सिमित रहनु पर्ने महीलाहरुलाई सामाजिक कार्यमा समेट्नु आवश्यक छैन ।
  - समिति भित्र महिलाहरुलाई समेट्न खोज्दा कार्य संचालनमा ढिलाई आउछ आदि ।

समस्याका कारणहरु :
* परम्परागत रुपमा सामाजिक कार्यहरुमा महीलाहरुको सहभागीताको आवश्यकता महशुस नहुनु ।
* महीलाहरु भित्रको खुवी र क्षमतालाई आफैले पनि चिन्न नसक्नु, साथै त्यस्ता खुवी देखाउने वातावरणको सृजना हुन नसक्नु ।
* महीला साक्षरताको कमीले गर्दा विभिन्न विषय वस्तुमा निर्णायक भूमीका निभाउन नसक्नु ।
* हाल सम्म अन्य आयोजनहरु संचालन नभएको र कमजोर आर्थिक अवस्थाका कारण सहभागीता जुटाउन कठिनाई परेको ।

समाधानका लागि गरीएका कोशीसहरु :
* विभिन्न वैठक, भेला आदिमा महिला । पुरुषको संयूक्त एंव छुट्टा छुट्टै सहभागीता गराई सामाजिक काम प्रतिको चासोमा उहाहरुको भावना वुझ्ने कोशिस गरिएको ।
* आफू भित्रको खुवी र क्षमतालाइ प्रष्ट रुपमा देखाउन सकेको खण्डमा पुरुषहरुको महीला प्रतिको परम्परागत धारणामा परिवर्तन ल्याउन सकिन्छ भन्ने तर्फ महिलाहरुलाई उन्मुख गराउन कोशिस गरिएको ।

सफल । असफलताका कारणहरु
* केहि समूह भित्र आवद्ध एंव शिक्षित समूहहरुमा सामाजिक काम प्रति चासो एंव निर्णय दिने प्रकृयामा पनि वृद्धि भएको पाइयो भने समुह भित्र आवद्ध हुन नसकेको एंव साक्षरताको कमी भएको व्यक्ती एवं समूहको सामाजिक काम प्रतिको चासोमा कमी एवं परम्परागत सोचाइलाई नै प्रश्रय दिएको पाईयो ।

व्यक्ती एवं समूहको सामाजिक काम प्रतिको चासोमा कमी एवं परम्परागत सोचाइलाई नै प्रश्रय दिएको पाईयो ।


V. **Recommendations for strengthening Gender sensitivity for the Empowerment of people and sustainable Development.**

जनतालाई शसक्तिकरण गरि दिगो पनको विकाश गर्दै लिंग सम्वेदनशिलतालाई वलियो वनाउन गरिएको शिफारीसहरु ।

* महीलाहरु भित्र रहेको खुवी र क्षमता प्रदर्शन गर्न सक्ने वातावरणको सृजना गरिदिने काममा पुरुषहरुको मुख्य भूमीका रहेको हुन्छ, त्यसैले त्यस्तो वातावरण सृजना गरिदिने काममा पुरुष समूहमा सकृयता ल्याउने खालको कार्यक्रमहरुको चयन हुनु आवश्यक देखिन्छ ।
* साक्षरताको अभावले गर्दा निर्णय प्रकृया, सामाजिक काम प्रतिको चासो एंव योजना छनौट जस्ता कार्यमा अप्ठेरो परेकोले, महीला साक्षरताको आवश्यकतालाई ध्यानमा राखी प्रौढ शिक्षा जस्ता कार्यक्रम संचालन गर्न आवश्यक देखीन्छ ।
* योजना छनौट अगाडि वा पछाडि हरेक अवस्थामा जनताको चाहना एंव अनुभवहरुलाई प्राविधिकहरुले केही हदसम्म मनन गरि कार्यक्रम वनाउनु पर्ने आवश्यकता देखिन्छ ।
* कुनै पनि सवप्रोजेक्टको ईष्टेमेट गर्ने समय र कार्यन्वयन को समय उपभोक्ता समुहको व्यस्तता एंव फूर्सदको समयलाई विचार गरेर वनाउनु पर्छ ।
* कुनै पनि सवप्रोजेक्टको लागि दक्ष र सक्षम सुपरभाईजरको चयन हुनु पर्ने र उक्त व्यक्तीलाई विभिन्न प्राविधिकहरुका भिन्न भिन्न खालका विचारहरुले प्रभावित पार्न नहुने देखीन्छ ।

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**



*Upper part of Bokekhola (catchment area)*

**Photo No. 1**



*Upper part of the Bokekhola between ward no. 6 & 8 of the Triveni VDC*

**Photo No. 2**



*Upper part of the Bokekhola between war no. 6 & 8 of Triveni VDC*

**Photo No. 3**

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**



*Upper part of checkdam site (old estimate)*

**Photo No. 4**



*Damaged Irrigation site & drink water source situated at ward no. 6 & 9 at Triveni VDC*

**Photo No. 5**



*Damaged cultivate land & chautari, Ist SBS site (14 m.) (new estimate)*

**Photo No. 6**

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**



*Lower part of the Bokekhola. Damaged cultivated land situated at ward no. 9 of Triveni*

**Photo No. 7**



*Damaged cultivated land and school area ward no. 9 Triveni*

**Photo No. 8**



*Stone collection work at upper part of checkdam (old estimate)*

**Photo No. 9**

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**



*Stone collection and deposition at checkdam site (old estimate)*

**Photo No. 10**



*Stone collection and transportation work*

**Photo No. 11**



*Stone collection and deposition work*

**Photo No. 12**

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**




*Stone collection and deposition at upper part of the Bokekhola*

**Photo No. 13**



*Stone collection and deposition work at upper part of the river*

**Photo No. 14**



*Stone collection and deposition work*

**Photo No. 15**

# Annex : 3 Face Sheet of Sub-projects (2)

**Photographs of others information of the Sub-project**



*Stone collection work*

**Photo No. 16**




*Stone collection and transportation by children also.*

**Photo No. 17**

V.D.C. MAP

TRIBENI



## SUB-PROJECT LOCATION MAP

## BOKE KHOLA GULLY CONTROL (ICLSP)

